'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत

वर्ष २, अंक ४ | बुद्ध सम्वत् २५५८ | ने.सं. ११३५ सिल्ला थ्व सि पुन्ही | वि.सं. २०७१ माघ २१



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आरचण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

# अर्हत

त्रैमासिक

वर्ष २ | अङ्क ४ | पूर्णाङ्क १५ | नेसं.११३५ सिल्लाथ्व

शक सं. १९३६ | २०७१ माघ २० | बुद्ध सं. २५५८

**सल्लाहकार**

रत्नसुन्दर शाक्य

जुनु बासुकला रंजितकार

चन्द्रबहादुर उलक

**सम्पादक/प्रकाशक**

उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित

**बजार व्यवस्थापन तथा वितरण**

गोपीकृष्ण प्रजापति

बालमुकुन्द बासुकला

**कम्प्युटर**

सिद्धि डिजाइन डेस्कटप सर्भिस

फोन – ६६१९१०७

**मुद्रण**

भिजन अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.

बानेश्वर, काठमाडौं

Email: arhattraimasik@gmail.com

सहयोग रु. ३०।-


# प्रकाशकीय

बौद्ध साहित्यिक पत्रिका 'अर्हत' त्रैमासिक वर्ष-२, अङ्क-४, पूर्णाङ्क -१५, यो वर्षको अन्तिम अङ्क हो । बुद्ध संवत् २५५९ देखि नयाँ अङ्कमा प्रवेश हुनेछ ।

'अर्हत्' त्रैमासिकलाई स्थापित गराउनको निमित्त लेखक, पाठक, उद्योग, व्यवसायी, कलेज, विद्यालय तथा विभिन्न कार्यालयहरूबाट पाएको सहयोगप्रति बौद्ध दर्शन अध्ययन समाज हार्दिक कृतज्ञता व्यक्त गर्दछ । साथै विगत वर्षहरूमा जस्तै आगामी अङ्कहरूमा पनि यस्तै अमूल्य सहयोगको अपेक्षा राख्नु स्वभाविक हो ।

बौद्ध साहित्यिक पत्रिका अर्हतले पनि बुद्धको शिक्षालाई व्यवहारमा लागू गर्नुपर्छ भन्ने धारणा राख्दछ । शिक्षालाई पन्छाएर मात्र मूर्तिलाई अविर र अक्षताले पूजा गर्नु अन्धविश्वास हो भन्ने ठान्दछ ।

हामीले दिनदिनै पञ्चशील पाठ गर्दा पञ्चशीलमा रहेको ज्ञानलाई व्यवहारमा लागू गरेनौं भने पञ्चशील पाठ गर्नुको कुनै औचित्य होला र ? सधै विहार र गुम्बाहरूमा गई बुद्धको मूर्तिको अगाडि घोप्टो परी दर्शन गर्दैमा बुद्धमार्गी हुनसक्छ र ?

महामानव गौतम बुद्धले हजारौं वर्षअघि अत्यन्त कष्टपूर्ण जीवन बिताई विश्व शान्तिको लागि र शोषणविहीन समाजको लागि दिइएको बौद्ध शिक्षा आजको आधुनिक विश्वको लागि अझै सान्दर्भिकै छ । यसकारण अर्हत् परिवारले बुद्धको शिक्षालाई दर्शनको रुपमा स्वीकार गर्दै समाज रुपान्तरणको लागि मार्गनिर्देश पनि मान्छ ।

विश्वलाई आफ्नो मुठीभित्र पार्नको निमित साम्राज्यवादी शासकहरूले आतङ्ककारी गतिविधि गराउँदै आएको कुरा विश्वमानचित्रभित्र लुकेको छैन । ती शासकहरूको हृदयमा बुद्धको शिक्षाले वास पाएमा निश्चय नै विश्वमा शान्ति छाउने छ ।

*पाठक महानुभावहरू !*

अर्हत्मार्फत गरिएका हाम्रो प्रयासमा कहाँ के कति कमजोरीहरू देखापरेका छन् । ती कमजोरीहरू सुधार गर्नको निमित्त यहाँहरूको राय सुझावको अपेक्षा बौद्ध दर्शन अध्ययन समाज राख्दछ । अस्तु ।



# मेरो अन्तिम इच्छा

भिक्षु अश्वघोष , संघाराम विहार
ढल्को, विष्णुमती, काठमाण्डौं

जीवनको कुनै ठेगाना छैन । श्वास बन्द भयो कि प्राण जान्छ । अब म ८७ नाघेर ८८ वर्ष पुरन लागें । अरु कुनै रोग नभएता पनि धेरै थकाई लाग्छ । एक घण्टा पुस्तक पढें भने एक घण्टा भन्दा बढी आराम लिनुपर्छ ।

यहाँ लेख्न लागेको मेरो पहिलाको अन्तिम इच्छा म जहाँ मर्नेछु त्यही नै दाहसंस्कार गर्ने । हाल म धेरैजसो संघाराममा बस्छु । त्यसो भनेको संघाराममा मरें भने विष्णुमती खोलाको छेउमै दाहसंस्कार गर्ने । म कहिलेकाँहीं बनेपामा पनि बस्छु । त्यहाँ मरें भने त्यहीं नै दाहसंस्कार गर्ने । कहिले काही लुम्बिनीमा पनि बस्न जाने गर्दछु । त्यहाँ मरे भने त्यही नै दाहसंस्कार गर्ने । यो मेरो अन्तिम इच्छापत्र लेखेर भिक्षु महासंघलाई एक लाख रुपियाँ दिएको छु । म जहाँ मरे पनि दाहसंस्कार गर्नको लागि र त्यहाँ आउनु भएका भन्ते गुरुमा (अनगारिका) हरूलाई दक्षिणा दिनको लागि भनेर । लाख रुपियाँ दिइ राखेको तीन वर्ष हुन लाग्यो । जात्रासात्रा गरी राख्नु जरुरी छैन । यो मेरो अन्तिम इच्छा हो ।

अर्को एउटा दुईटा मेरो र संघारामको बारेमा केही कुरा उल्लेख गर्न लागेको छु । हाल धेरै जसो म संघाराममा बस्छु । संघराम पछिसम्म टिकिरहोस् भन्ने इच्छा छ । वि.सं २०३८ सालमा द्वारिका दास श्रेष्ठ र रत्नमाया शाक्य (पछि धर्मरक्षिता गुरुमाँ ) दुई जनाको दायकत्वमा भिक्षु मैत्रीको सहयोगले भिक्षु तालिम केन्द्र स्थापना भएको हो । चार पाँच वर्षपछि मेरै कमजोरीले सञ्चालन भएन ।

पहिलो १० जना कुलपुत्रहरू प्रव्रजित भएकाहरूमा सबैभन्दा जेष्ठ भिक्षु भद्दिय हुन् ।

भिक्षु विनीत श्रीलंका जानु भई पढेर आजभोली अमेरिकामा धर्म प्रचार गरिरहनु भएको छ । सबैजसो श्रीलंका गएर बुद्ध धर्म पढेर आउनु भएका हुन् ।

अरु दुई जना भिक्षु उपतिस्स र भिक्षु आनन्द हाल संघाराममा छन् । उपतिस्स उत्तराधिकारी झैं भएर काम गरिरहेका छन् ।

अर्को भिक्षु आनन्द निवर्तमान सभासद् हुन । आनन्दले सरकारबाट ५ लाख अनुदान प्राप्त गरी संघाराम धम्महल र भान्छाघर मर्मत र निर्माण काम गरिदिए । राम्रो पनि भयो, सुविधामुखी पनि भयो ।

अर्को हरेक शनिबार दिउँसो ३ बजे देखि ५ बजेसम्म प्रौढ कक्षा खोलेर असल शिक्षा कक्षा चलाइरहेका छन् । त्यस कक्षाका संचालकहरू भिक्षु अश्वघोष, भिक्षु उपतिस्स, वीर्यवती गुरुमाँ, कवीर कुमार वज्राचार्य र केशव चित्रकार हुन् ।

भिक्षु तालिम केन्द्रमा जन्म भएका सबै भन्दा ठूलो भिक्षु भद्दिय हाल पाटनको यम्पि विहारमा प्रमुख भए झैं विहार उन्नति भयो । धर्म उपदेश दिएर परित्राण पाठ गरेर धर्म प्रचार गरिराखेका छन् ।

भिक्षु मंगल ताइवानमा बसी पालि र संस्कृत भाषा पढाइ राखेका छन् । उनी नेपालमा आउँदा औषधी गर्न र गुरु पूजा भनि दश हजार दिएर जान्छन् । उनीले म थाइल्याण्ड अस्पतालमा उपचार गरिरहँदा ७५ हजार थाइ भात रुपियाँ तिरिदिए । उनले मातातीर्थमा जग्गा

किनेर ठूलो विहार बनाई राखेका छन् । त्यहाँ बौद्ध परियत्ति कक्षा पनि चलाइ राखेको छ ।

दश जना प्रव्रजित मध्ये सद्धातिस्स र कोलित दुई जना टोखामा बुद्धभूमि महाविहार नाम राखेर विहार बनाई धर्म प्रचार गरिराखेका छन् ।

दश जना प्रव्रजितहरू मध्ये भिक्षु सोभित गण महाविहारको प्रमुख भई बुढाबुढीहरूलाई सम्मान गर्ने, स्कूलका गरिब विद्यार्थीहरूलाई छात्रबृत्ति दिने, दिवंगत सबै भिक्षु श्रामणेरहरूको गुणानुस्मरण आदि काम गरी धर्म प्रचार गरिराखेको सन्तोषजनक छ । भिक्षु सोभितले महिना महिनामा संघाराममा आएर दक्षिणा दिई गुरु पूजा गरी राखेकाले हौसला बढेको छ ।

पछि संघाराममा प्रव्रजित भएकामध्ये भिक्षु कोण्डन्य भृकुटि मण्डप स्थित बुद्ध विहारको प्रमुख भई शिशु सिद्धार्थ स्कूल चलाइराखेका छन् । पुस्तकहरू छापिरहेका छन् । आनन्दभूमि पत्रिकाको सम्पादक पनि भइराखेका छन् । कोण्डन्यले म बिरामी हुँदा ओम नर्सिङ्ग अस्पतालमा, थाइल्याण्डको अस्पतालमा, काठमाण्डौ मोडेल अस्पतालमा, उपचार गरिरहँदा मनले इच्छाएझैं चौबिसै घण्टा साथमा रहेर मेरो सेवा गरेको गुण म बिर्सन सक्दिन । उनलाई कुनै रोग नहोस्, दीर्घायु होस् भनी शुभकामना गर्दछु ।

अर्का संघाराममा जन्म भएका भिक्षु अशोक उनी आजभोलि थानकोट जितवन विहारको प्रमुख भई बृद्धहरूलाई अस्थाई प्रव्रजित गरी धर्म प्रचार गरिरहेका छन् । अर्को उल्लेखनीय कार्य श्रीलंकाबाट फर्केकाहरूलाई बस्ने ठाउँ दिई खानपिन व्यवस्था गरी सेवा गरिरहेका छन् । उनीसँगै प्रव्रजित भएका अर्का भिक्षु त्रिरत्न छन् । उ पिपरहवामा भारतको कपिलवस्तुमा बसी श्रीलंकाका तीर्थयात्रीहरूको सेवा गरी धर्म प्रचार गरिरहेका छन् ।

अर्का एक जना छन् - बनेपा ध्यान कुटीमा प्रव्रजित भएका भिक्षु विशुद्धानन्द । पछि सम्यक सम्वोधि प्राणपुत्र नाम राखेका । उनको आफ्नो विहार छैन । उनको धर्म प्रचार केन्द्र पश्चिम बेनी, बाग्लुङ्ग, तानसेन, बुटवल, पूर्व धरानको स्वयम्भू महाचैत्य विहार हो । उनी नियममा धेरै कट्टर भएको कारणले कसैकसैलाई मन पर्दैन भन्ने सुन्नमा आउँछ ।

२०६९ सालको वर्षावास पूर्वको उर्लाबारीमा बस्न गए । उनको प्रसिद्ध दुई वटा पुस्तक छ -सम्यक संस्कार र सम्यक शिक्षा । पुस्तक आफ्नै किसिमको । बेनीका युवाहरूलाई मन परेको पुस्तक हो ।

यो भयो मेरो अन्तिम इच्छा र शिष्यहरूको परिचय । तपाई नभनें पनि मपाईको कुरा पनि हुन्छ , मेरो अहंकारको चिन्ह भने पनि हुन्छ ।

मेरो सबैभन्दा ठूलो शिष्य बनेपाको ध्यानकुटीमा जन्मेका भिक्षु राहुल हुन् । उनी ध्यानकुटीको उत्तराधिकारी भएर सबै काम मनैदेखि राम्ररी गरिराखेका छन् । ध्यानकुटी मैत्री केन्द्र बाल आश्रम पनि उनैको जिम्मामा छ । उनले सबै जिम्मा लिएकोले मलाई केही पीर छैन । उनलाई सहयोग गर्ने गौरी शंकर मानन्धर उपासक एक जना भएकाले धेरै सजिलो भयो ।

एक जना सानो चेलो हो, श्रीघः विहारमा बस्दा प्रव्रजित भएका भिक्षु गौतम (मगर) । म श्रीघः विहार छोडेर आएदेखि उपहार दिने, प्रमाणपत्र दिने कुरामा सोभितको प्रतिस्पर्धा गरिरहेका छन् ।

अर्का संघाराममा जन्म भएको भिक्षु मिलिन्द आजभोलि चितवनको विहारमा चैत्य बनाएर धर्म प्रचार गरिरहेको छ ।

अब संघाराम विहारको सानो कुरा राख्नु आवश्यक देखिन्छ । धर्मरक्षिता गुरुमाँ विहारको दाता हो । भिक्षु तालिम केन्द्र शुरु गर्दाको विहार सबै पुरानो भयो । त्यो सबै भत्काएर तीन तल्ले नयाँ पक्की भवन बनाएर कृति राखे । २० फुट अग्लो उभिएको भगवान् बुद्धको मूर्ति स्थापना गरे । म संघाराम विहार छोडेर श्रीघःमा बसिरहँदा धर्मरक्षिता गुरुमाँले मलाई धेरै नै बोलाउन आए । भन्तेहरू स्थिररुपले बस्ने नहुँदा विहार खालि भएर उपासक-उपासिकाहरू पनि आउन छोडे । तपाई आउनुहोस्, पछिसम्म संघाराममा टिक्नसक्ने भन्तेहरू

पनि मिलाउनुहोस् । गुरुमाँ बित्नु तीन-चार महिना अघिको कुरो हो । संघारामको माया लागेर फेरि म यहाँ बस्न आएँ । गुरुमाँका बहिनीहरू कुमारी लक्ष्मी, धर्म लक्ष्मीहरूले पनि मलाई भनेका थिए, धर्मरक्षिता गुरुमाँ नहुँदा पनि तपाईले विहार छोड्नु हुँदैन । जसरी पनि संघाराम विहार परन्तुसम्म टिक्ने काम गर्नुहोस् । यो कुरा भान्छामा बसी भनेको थियो । यो कुरा राम्रो लाग्यो ।

धर्मरक्षिता गुरुमाँ बितिसकेपछि नयाँ भवन पूर्ण नभएको उनीहरूले पूरा गरिदिए । भवन निर्माण काम सकेपछि गुरुमाँको आफन्त बीरेन्द्र शाक्यले मेहेनत गरे । रंगरोगन गरी काम सिध्याए । पानीको अभाव भइराखेकोमा बीरेन्द्रले टुयबेल पम्प राखेकाले पानीको अभाव भएन । उनले आफ्नो कर्तव्य पालन गरेकोमा धन्यवाद छ । पछि पछिसम्म पनि उनिहरूको सहयोग भइरहने छ भन्ने आशा छ ।संघाराम पछिसम्म टिक्ने आशा । उपासक-उपासिकाहरू पनि बढेझैं सबैको अधिस्थान हो, संघाराम टिकाउनको लागि भन्तेहरू बलियो हुनुपर्छ, खालि हुनुहुँदैन ।

अब फेरि आफ्नै सानो कुरा उल्लेख गर्दछु । संघाराममा मलाई सहयोग गर्ने दुई जना भिक्षुहरू छन्- भिक्षु धम्मानन्द र भिक्षु दीपंकर । उनीहरूलाई म आफैं अभिभावक बनेर उपसम्पदा गरिदिएको हुँ । भिक्षु धम्मानन्दले गऱ्हुँगो सामानहरू सारिदिन्छ । गऱ्हुँगो सामान र पुस्तकहरू कति त बनेपामा पुऱ्याइदिन्छ । मेरो कोठामा सफा पनि गरिदिन्छ । भिक्षु दीपंकरले मेरो चीवर, तन्ना धोइदिन्छ । मेरो कोठा र बाथरुम पनि सफा गरिदिन्छ । संघारामको बिजुली, टेलिफोनको पैसा पनि तिर्न जान्छ । धर्मकीर्ति पत्रिका पनि कहाँ कहाँ पुऱ्याइदिनुपर्ने हो पुऱ्याइदिन्छ । सम्पादकीय, समाचार आदि सम्पादक वीर्यवती गुरुमाँकहाँ पुऱ्याइदिन्छ । पत्रिकाको प्रुफ प्रेशमा पनि पुऱ्याइदिन्छ । मलाई साऱ्है सजिलो भयो ।

संघाराममा दिनका दिन साँझ ६:३० देखि ७:३० सम्म बुद्ध-वन्दना, परित्राण पाठ र ध्यान भावना गर्दछौं । जाडो समयमा ६ बजेदेखि ७ बजेसम्म गर्ने हुन्छ । कार्यक्रम सामूहिक भने पनि छ जनामध्ये ४ जना भिक्षुहरूले मात्र भाग लिन्छन् । हुन त बुद्धशिक्षा अनुसार भिक्षुहरूले बुद्धपूजामा भागलिनु अनिवार्य छैन । बुद्धको कथन अनुसार पूजा गर्नुभन्दा आचरण राम्रो बनाउनु, स्वार्थी र लोभी नहुनु नै बुद्धपूजा हो । करणीय मैत्री सूत्र पाठ गर्दा मन खुब आनन्द हुन्छ । त्यति मात्र होइन, भूत प्रेतको बिघ्नबाधा हटेर जान्छ ।

यो संघाराम भनेको मरेका बच्चाहरूलाई गाड्ने चिहान भनिन्छ, डरलाग्दो छ भनिन्छ । हामी भिक्षुहरू बस्न थालेदेखि डरलाग्दो भनेको छैन । यो करणीय मैत्री सूत्र पाठ गर्दाको फल हो । करणीय मैत्री सूत्रपाठ गरेकाले डरलाग्दो सपना देख्ने कम हुन्छ । दिनका दिन सुत्नुअघि यो सूत्र पाठ गर्नाले डरलाग्दो सपना आए पनि, बाघभालु आए पनि, यो सपना देखिरहेको भन्ने होश हुन्छ अनि छिट्टै ब्युँझिन्छ । जसले पनि यो सूत्रपाठ गरे हुन्छ । यो पनि मेरो अन्तिम इच्छाको कुरा हो ।

भवतु सब्ब मंगलं ।

*साभार : धर्म मरेको छैन*

विद्धानहरु ईर्ष्या र पीडित छन्, राजाहरु (अधिकारीगण) गर्वबाट चूर छन्, अन्य व्यक्तिहरु अज्ञानमै मस्त छन् तसर्थ सन्तजनहरुको सद-उपदेश (सुभाषित वचन) उहाँहरूको आ-आफ्नै मनभित्रै विलीन (जीर्ण) हुँदै छन्।

*साभार भर्तृहरि -नीतिका अर्ध शतकबाट*

# धर्मको प्रचार-प्रसार

कल्याण मित्र, सत्यनारायण गोयन्का

*(२२ दिसेम्बर २०१२ मा पूज्य गुरुजीले रंगूनमा दिनु भएको सम्बोधनको एक अंश)*

मेरो जीवनका प्रमुख उद्देश्य धर्म प्रचार-प्रसार गुर्न हो । यस अनुसार धर्म फैलिरहेको छ । विश्वका अब १७० भन्दा अधिक विपश्यना केन्द्र छन् र एक हजार भन्दा अधिक शिक्षक छन् । प्राय: मानिसहरू मलाई सोध्ने गर्छन् कि विपश्यना यस्तो द्रुत गतिले कसरी फैलिरहेको छ, मानिसहरू कसरी यस प्रति आकर्षित भएका छिन् ।

एउटा कारण त यो साम्प्रदायिक होइन, यहाँ कुनै साम्प्रादायिक मत अथवा पंथ सिकाईदैन । बुद्धले कहिल्यै कुनै मत अथवा पंथ सिकाउनु भएन । उहाँले धर्म सिकाउनु भयो अत: म पनि केवल धर्म सिकाउँछु । मानिसहरूलाई यो सार्वजनिक लाग्छ त्यसैले जुन सबैको लागि कल्याणकारी छ । यसै कारणले हरेक सम्प्रदायका नेता तथा अनुयायीहरू यो विपश्यना शिविरमा भाग लिन्छन् र विपश्यना विधि लाभदायी र उपयोगी मान्छन् ।

अर्को कारण यो विद्या नि:शुल्क सिकाइन्छ । धर्म सिकाउनका लागि यहाँ पैसा लिईदैन । बुद्धले पनि धर्म सिकाउन कसैसँग पैसा लिनु भएन । विपश्यना शिविरमा भोजन तथा निवासको पैसा पनि लिईदैन । तर जब उस्ले शिविरबाट लाभ प्राप्त गर्दछ तब त्यसतै अरुले पनि लाभ प्राप्त गरुन् भन्ने इच्छा जागदछ र दान दिन्छन् । यही कारणले विपश्यनाको प्रसार-प्रसार यस्तो छिटो भएको हो ।

अर्को एउटा कारण यहाँ आफ्नो धर्म परिवर्तन गुर्न पर्दैन । तपाई हिन्दु, बौद्ध, क्रिश्चियन, मुस्लिम अथवा जो सुकै होस् यसबाट विपश्यना सिक्न केही फरक केही फरक पर्दैन । यदि तपाई विपश्यना गरिरहुन भएको छ भने धर्मको अभ्यास गरिरहुन भएको छ' धर्म आचरण गरिरहुन भएको छ जुन सबै धार्मिक कर्मकाण्ड, अन्ध विश्वास, सम्प्रदाय तथा मत आदिबाट मुक्त हुनुभएको छ ।

यी नै विशिष्टताको कारणले नै शिविरमा भाग लिन मानिसहरूलाई प्रोत्साहित गर्दछ । जब यसको अभ्यास गर्न थाल्दछ तब त्यही क्षण लाभ प्राप्त हुन थाल्छ र त्यस फलको अनुभव तुरुन्त गर्न पाउँछ । साधनाको यो पद्धति अत्यन्त फलदायी छ, व्यावसायीकरण भन्दा पर विश्वासनीय छ । केही पनि व्यक्ति यसको लाभ लिन सक्छन् । यसकारण पनि यो विश्वभरमा द्रुत गतिले फैलिएको छ ।

मलाई खुसी लाग्छ कि म धर्म भूमि म्यांमामा जन्मिएँ । म सँग जुन सुकै देशको पासपोर्ट भए पनि म यस देशमा जन्मेको हुँ त्यसैले भूमिपुत्र हुँ । यसै देशमा सयाजी ऊ बा खिनसँग यो विद्या सिकैं र मेरो दास्रो जन्म भयो । यही असली जन्म हो, जसबाट मलाई बिलकुल नयाँ मान्छे बनाइदियो ।

मैले यहाँ धर्म प्राप्त गरैं जुन मेरो लागि सबैभन्दा ठूलो लाभ थियो । विपश्यनाको आविष्कार भारत देशमा भएको भए यस विद्यालाइ त्यहाँका मानिसहरूले पूर्ण रुपमा बिर्सिसकेका थिए । म्यंमाले यसलाई शुद्ध रुपमा सुरक्षित गरिराखे । त्यसैले विश्वको लागि यो म्यंमाको देन हो म आफ्नो साधकहरूलाई म्यान्मा देश प्रति कृतज्ञ रहन भन्ने गर्दछु किनकि यस देशले यो विद्यालाई हजारौं वर्षसम्म शुद्ध रुपमा सुरक्षित गरिराखे ।

त्यस्तै म साधकहरूलाई सयाजी ऊ बा खिन प्रति कृतज्ञ रहन भन्ने गर्छु । उहाँले विपश्यना विद्यालाई म्यान्माबाट बाहिर पठाउनु भयो ता कि विश्वभरका मानिसहरूले यसलाई सिक्न पाउन् ।

विपश्यना के हो ? नैतिक जीवन जिउनु नै विपश्यना हो । कुन धर्मले शील-सदाचारमय जीवनको विरोध गर्दछ ? नैतिक जीवन जिउनका लागि मन मजबूत हुनुपर्छ, चित्त शुद्ध हुनुपर्छ । चित्त-विशुद्धिको लागि शील, समाधि र प्रज्ञाको अभ्यास आवश्यक छ । कसैले यसको विरोध किन गर्छ र ? यो त सबै स्वीकार गर्छन नै ।

म प्रायः भन्ने गर्छु कि प्रथम शिविर बसे पछि मलाई माइग्रेनबाट मुक्ति प्राप्त भयो, त्यस उपरान्त मर्फिनको सूई लिनु परेन । यो विपश्यनाबाट प्राप्त भएको ठूलो लाभ थिएन । सबैभन्दा ठूलो लाभ त मेरो मन शुद्ध हुनु हो । मेरो जीवनमा शान्ति आयो, आयो । मेरो रोग निको हुनु त एक उपफल मात्र थियो । विपश्यनाको उद्देश्य शारीरिक रोगको चिकित्सा गुर्न होइन ।

✠

वाखं

# माफ फ्वन

चन्द्रबहादुर उलक

'वल क सुथाय् निसें सिं सिं धाय्‌क । न्हयाक्व ध:सां तेरे मरुम्हा बुरा । काय् म्हयाय् पिसं आपाच धाय् धुंकल त्वनेगु बानि त्व:तगु हे मखु । उखुन्हु नं पला हे थाते मलागुलिं स्वहन छ्पुं कुर्तां वयो कप ह्वगानां हे भतिचा हे चेते मजु । बुसें ब:गु बानि सिसां तानि मखुत क छुयाय् ...!'

'आय् छु पुतु पुतु हाल च्वङागु ? मन्त्र मगाम्हा ब्वक्सि थें ? जि ज्ञानमाला भजनय् वङ वयागु मस्याला ?' स्वहन ब्व ब: काकां मे मिखा काङ थाहाँ वम्हा भैल दाइनं थ: मिसा मंगलमायाता छोम्हुक हकल ।

'सियाऽ छाय् मसिइ ! ज्ञानमाला भजनय् वाङां छुयाय् । ज्ञान धाय्‌गु हामो बरां द:गु मखु !' भतम्हा सिता ज्वय् पियो स्वयो मंगलमाया त:जुं लिस: बिल ।

'आम्थे मनू कलि खाने मते काय् मिसा ! जिं न्हिया न्हिं भजनय् वाङ भगवान बुद्धया यक्व ज्ञान सय्‌कागु द । छं छु स्यू !'

'अहोऽ छिं सय्‌कगु ज्ञानया बारे धायां साध्य जुइला ? मंगलमायां घों नकल ।

'मखुऽ छ छु धायाम्हा हाई ? थ: भत पिंता थथे हेपे याय् ज्यूला ?'

'हेपे मयाङाऽ । तीजक खाताय् ग्वतु भ्फासँ । सुथाय् निसें धुँ बास वय्‌क भ्फाल धायागु कऽ ।'

'जि यो सा धुँ बास वय्‌के मय्‌सा मवय्‌के छन्ता मगु खाँ मखु । छ नं धुँ बास वय्‌के य:सा आसामरु चाय्‌गु होतिलय् छगु गिलास् तायवा । जिं धिबा बिय छोय् !'

'लाज सरम मरुम्हा बुरा थ: मिसाता यां भट्टि हुँ धाय् फम्हा । बुद्धि खतं नय्‌वं सुयागुँ विश्वास मरु । मंगलमाया भुनु भुनु हाहाँ भैलदाइ ता खाताय ब्वासाय् यंकल ।'

खाताय् त्यांग्रा पुलेवं भैलदाइ नं म्ये हाल हाल- हिंसा याये मज्यू प्राणीया....... ।

'क म्वल ! म्हुतुइ पाकां सुयो ति । ज्ञान मालाया हे वेइजत याये मते ।' मंगलमाया कोथाया लुखा घ्वाराक तिङ बैगलय् थाहाँ वान । भैल दाइ म्ये हाहां न्हयो वय्‌कल ।

बान्हि बिङानी भैल दाइ न्हयलं चाल । तीजक दाङ करुवां घट घट्-घट् ना त्वन ।

'उहुऽऽ गपाचं कप: स्यागु । बहनी लिबाक हे घना क जि । मनं मनं खाँ ल्हाक बैगलय् थाहाँ वान ।

'अहोऽ न्हयलं चाल ला भाजु ? नकतिनी सुथाय् जुला क छुयाय् !' मंगलमायां थ:भत याता ज्वय्‌पियो स्वल ।

'म्हिग घङागु भचा लिपा लाता क छुयाय् !'

'खैऽ भजनय वाने धायो आसामरु चाय्‌गु पसलय् भपे साय्‌क भ्फायागु लुमांसे वला ? लज्या मचम्हा बुरा !'

मंगलमाया तजुया न्हयस:लं भैल दाइ भ्फंसक वान वं छुं धाय् मफत । न्हच सुथाया घटना छसिकायं लुमांसे वय्‌कल ।

'स्व बुरा ! न्हिया न्हिं थथे इज्जत वांक अयला भपेगु जुसा जियां छि नापां ह्वङ च्वने फैमखु । अतक जि दाजु किजा पिसं जिता लहिये फ:नि । त:जुं पिनि धर्म द:नि ।' ख्व ख्वं मंगलमाया त:जुं भैल दाइता ख्यात ।

'आवलिं त्वने मखुत क मिसा । थौं छक माफ याङ बिया ।' क:सि पाखे स्वस्वं मिसायाके माफी फ्वन ।

'अथे माफ फवंगु यां गुलि वान गुलि वान क ! अ छक म्व हे स्वल ! ज्ञानमाला साफुया ज्ञान व्यवहारें छय:सा हे जक जिं छिता विश्वास याये फै क बुरा ! नत्र........!'

'जि न्हिया न्हिं ज्ञानमाला भजनय् नं वानेगु जुल मिसा । सत्ते ! सत्ते ! धरो धर्म ! ज्ञानमाला व्यवहारे छय:लेगु नं जुल । भैल दाइ बाँय् स्वस्वं बिन्ति याङ च्वन ।



# भक्तपुरका लिच्छविकालीन प्रस्तर-चैत्यहरू

✍ प्रा.डा.पुरुषोत्तमलोचन श्रेष्ठ

## पूर्वप्रसङ्ग

शाक्यमुनि बुद्धले आफ्नो महापरिनिर्वाणपश्चात् आफ्नो अस्थि धातु राखी चौबाटोमा स्तूप निर्माण गर्नु भनी आफ्ना श्रावकहरूलाई निर्देशन दिएका थिए । यस कुराको उल्लेख महापरिनिर्वाण सूत्रमा आएको छ । यताबाट बौद्ध धर्मको आविर्भाव संगसंगै विकसित हुनपुगेको बौद्ध कलाको एउटा प्राचीनतम नमुना स्तूप वा चैत्य पनि रहेछ भन्ने कुरा जानिन्छ । स्तूप र चैत्यमा खास अन्तर देखिन्न । स्तूपका तुलनामा चैत्य साना हुन्छन् । महान व्यक्तिहरूको मृत्युपछि तिनका अस्थि धातु पुरेर उठाइने ढिस्को नै स्तूप वास्तुकलाका प्रारम्भिक नमुना हुन् । प्रारम्भिक कालका स्तूप वास्तुकलाकै परवर्तीकालमा विकसित हुनपुगेको यसको चिटिक्क परेका सुन्दर, सूक्ष्म रूप चैत्य हुन् भनी मान्न सकिन्छ । जसको दर्शनले चित्त प्रसन्न हुन्छ त्यही चैत्य हो । यो कुरा यस विषयको संस्कृत वाङ्मयबाट जानिन्छ । चैत्यको नेवारी रूप चीवा:/चीभा: हो । हिमाली बौद्ध धर्म परम्परामा यही चीवा: छ्योरतेन भनी प्रसिद्ध रही आएको छ ।

बौद्ध धर्ममा शाक्यमुनि बुद्ध लगायतका अन्य महान सिद्ध व्यक्तिहरूका अस्थिधातु पवित्र मानिन्छन् । यस्ता अस्थिधातु राखी बनाइएका स्तूपलाई शारीरिक स्तूप भनिन्छ । शाक्यमुनि बुद्धले प्रयोगमा ल्याएका लट्ठी, भिक्षापात्र, चीवर पनि पवित्र मानिन्छन् । यस्ता सामग्री राखी बनाइने स्तूपलाई पारिभोगिक स्तूप भनिन्छ । बौद्ध ग्रन्थ राखेर, बुद्धका उपदेश उत्कीर्ण गरी राखेका स्तूपहरूलाई धम्म स्तूप भनिन्छ । त्यसैगरी दिवंगत-आफन्तहरूको स्मृतिमा बनाइने स्तूपलाई उद्धेश्यिक स्तूप भनिन्छ । शारीरिक स्तूपका तुलनामा उद्देश्यिक स्तूप साना हुन्छन् । यी उद्देश्यिक स्तूपहरू नै यथार्थमा चैत्य हुन् जसलाई हामी उपत्यकाका शहर भित्र र बाहिरका मूल मार्ग, गल्ली, चोकहरूमा यत्रतत्र देख्दछौं । यहाँ चर्चा गर्न खोजिएका चैत्यहरू पनि यिनै उद्देश्यिक स्तूपहरू हुन् ।

भक्तपुरभेक पनि बौद्ध कलाका प्राचीन नमुनाहरूले अनुपम रही आएको छ । चैत्य पनि यस कुराको एक उदाहरण हो । अन्वेषणका क्रममा ईस्वीको पाँचौं शताब्दीदेखिका लिच्छवि चैत्यहरू यस भेकको भौखेल र भक्तपुर शहरका अनेक स्थानबाट फेला पर्न आएका छन् । शहरका चैत्यहरू आज पनि कुनै न कुनै रूपमा भौखेलका तुलनामा व्यवस्थित र संरक्षित रही आएको देखिन्छ । तर भौखेलका चैत्यहरू असुरक्षित र अस्तव्यस्त स्थितिमा देखापर्छन् । इतिहासको लामो कालप्रवाहमा अनेक कारणले अङ्गभङ्ग हुँदै अवशिष्ट हुनपुगेका यी चैत्यहरू आज नितान्त परित्यक्त अवस्थामा पुगेका छन् । कुनै बेला करूणाभावले भरिएको पवित्र मन भएकाले आफन्तको स्मृतिमा बनाएका यी उद्धेश्यिक चैत्यहरू आज कुनै मलखाल्डोमा मिल्किइएका छन्, कुनै बाटो किनारको जमिनमा गाडिइएर गर्भस्थ हुनै लागेका छन् । नियतिको त्यस्तो प्रतिकूल अवस्थामा पुगिसक्दा पनि आफ्नो लिच्छविकालीन विशिष्टतालाई प्रदर्शन गरिरहेका यी सुन्दर

चैत्यहरूमाथि दृष्टि पर्दा मनलाई शान्ति मिल्छ, आँखालाई आनन्द प्राप्त हुन्छ र चित्त हर्ष हुन्छ । मूल प्रसङ्ग भौखेलका यी चैत्यहरूबाट नै गरौं ।

भौखेलधाराको पश्चिमपट्टि, साधारण गृहस्थीको घरको प्रवेशद्वारसामुन्नेको चैत्य (चित्र संख्या १, लम्बाइ : ४९ से.मि., गोलाइ : १०० से.मि., चौडाइ : ३५ से.मि.) अवशिष्ट अवस्थाको छ । चारकुने आधारपेटीसहितको अर्धगोलाकार गर्भ मात्र बचेको अवस्थामा यो छ । यसको गर्भमाथि रहने त्रयोदशभुवन बेपत्ता छ । आधारपेटीको चारै भागमा शिर्षमा 'छेपु'/कीर्तिमुखसहितको, पद्मपुष्पद्वारतोरणले सजिएका गवाक्ष छन् । ती गवाक्ष खाली छन् । लिच्छविकालमा प्रस्तरकला बनाउन अपरिहार्य रूपमा प्रयोगमा ल्याइने फलामेढुङ्गामा यो चैत्य बनेको छ ।



चित्र संख्या १

उक्त घर पछाडिको बुम्कोमा, गोठको मल-खाल्डोमा यस्तै अर्को एक विच्छिन्न अवस्थाको चैत्य छ । (चित्र संख्या २.) सो चैत्यको दुई तहको आधारपेटी (लम्बाइ :४१ से.मि., चौडाइ :३५ से.मि.) एकातिर धसेर रहेको छ भने अर्कोतिर त्यसमाथि रहने यसको गर्भ (लम्बाइ ४२ से.मि., गोलाइ : १०० से.मि.) त्यसैगरी सो मलखाल्डोमा धसेर रहेको छ । ढोका सामुन्नेको चैत्य र मलखाल्डोको यो चैत्य पनि फलामे ढुङ्गाबाट बनेका छन् । यी दुबै चैत्यको शैलीस्वरूप उस्तै छ । यो चैत्यको चौकुने आधारपेटीका चारै भागमा उस्तै कीर्तिमुख, पद्मपुष्पसहितको द्वारतोरणले सजिएका गवाक्ष छन् । ती गवाक्षहरू पनि खाली छन् । मानवस्पर्श र समयको मारले यसको गर्भ केही चर्किसकेको छ र त्रयोदशभुवन पनि बेपत्ता भइसकेको छ ।



चित्र संख्या २

भौखेल धारासंगैको भौखेलपोखरीको चैत्य (चित्र संख्या ३, लम्बाइ :५६ से.मि.,गोलाइ :१०० से.मि.) पनि जमिनमा धसिएर रहेको अवस्थामा छ । यो चैत्य अपूर्ण छ आधारपेटीसहितको गर्भ बनाउँदै गर्ने क्रममा यसका कलाकारले किन यसलाई अधूरै छोडेका होलान्; त्यो अन्वेषणको अर्को विषय हुनसक्छ । यो चैत्य बनाउने क्रममा यसमा छिनोले लागेका अनगिन्ती निशानहरू छन् । यो चैत्यको निर्माण शैली, यसको आकार प्रकार माथिका अण्डाकार-गर्भ भएका सफा र सुन्दर चैत्यहरूसित मेल खान्छन् । यो चैत्य पनि फलामेढुङ्गामा बनेको छ ।



चित्र संख्या ३

लाकोलाछेंटोलको चैत्य (चित्र संख्या ४, लम्बाइ: ७१ से.मि.) । भक्तपुर शहरको वडा नं १२ स्थित लाकोलाछेंटोलको चपाछेंबाट पश्चिमपट्टि चोकभित्र यो सुन्दर चैत्य रहेको छ । यो चैत्य पनि अन्य लिच्छवि चैत्यहरू जस्तै फलामे ढुङ्गाबाट बनेको छ । यस चैत्यको आधारपेटी चौकुने र दुई तहको छ । तल्लो तहको आधारपेटी (चौडाइ : ४१से.मि.) को प्रत्येक पाटोमा दायाँ बायाँ र शिर्षभागमा समेत घुम्रे-बादलका सुन्दर टुक्राहरू झैं लाग्ने आकर्षक पद्मपुष्पाकृतिले सजिएका अर्धगोलाकार तीन तीन गवाक्षहरू (चारवटै पाटोमा गरी जम्मा १२) लहरै छन् । यस माथिको आधारपेटी (चौडाइ : ३६ से.मि.) यो भन्दा केही सानो छ । यो आधारपेटीको



चित्र संख्या ४

प्रत्येक पाटोमा भने एउटा एउटा मात्र गवाक्ष गरी जम्मा ४ छन् । र, ती गवाक्ष भने गोलाकार छन् । यी गवाक्ष पनि उस्तै गरी पद्मपुष्पबुट्टाले सजिएर सुन्दर देखिएका छन् । (चित्र संख्या ५) यस चैत्यका जम्मै गवाक्षहरू खाली छन् । यस आधारपेटीमाथि ३२ से.मि. व्यास भएको चिल्लो चिप्लो अण्डाकार गर्भ छ । सो गर्भको शिर्षमा रहने यसको त्रयोदशभुवन कालक्रमले अलप भइसकेको छ । त्यसको स्थानमा त्यहाँ अर्कै खालको खस्रो ढुङ्गाको नयाँ त्रयोदशभुवन राखिएको छ ।


चित्र संख्या ५

भिसिन्द्य:हिटीका चैत्यहरू : भक्तपुर शहरको वडा नं.३ स्थित तचपालटोलमा पूर्वाभिमुख भीमसेनमन्दिर छ । सो मन्दिरको पार्श्वमा एक पूर्वाभिमुख ढुङ्गेधारा छ । 'भिसिन्द्य: हिटी' नामले प्रख्यात रही आएको यस ढुङ्गेधाराको ईशान कोणमा एउटा र त्यसैगरी आग्नेयकोणमा पनि एउटा गरी जम्मा दुईवटा दुरूस्त उस्तै प्रकारका चैत्यहरू छन् ।

ईशानकोणको चैत्य (चित्र संख्या ६, लम्बाइ :७० से.मि.) दुई खण्डको चौकुने आधारपेटीले युक्त छ । त्यसमध्ये तल्लो आधारपेटी (४२ से.मि.चौडा) को चारैतिर चारवटा अर्धगोलाकार गवाक्ष छन् । यसभन्दा माथिको आधारपेटी यो भन्दा केही सानो (३४ से.मि.चौडा) छ । यसको पनि चारैतिर चारवटा अर्धगोलाकार गवाक्षहरू छन् । यी दुबै आधारपेटीका गवाक्षहरू लाकोलाछैंटोलको चैत्यका गवाक्षहरू जस्तै खाली छन् र ती पनि तिनका दायाँ बायाँ र शिर्षभागमा गरी उस्तै सुन्दर पद्मपुष्पाकृतियुक्त बूट्टाले अलंकृत छन् । यस चैत्यको माथिल्लो आधारपेटीमाथि लाकोलाछैंटोलको चैत्यको जस्तै चिप्लो अण्डाकार गर्भ ( व्यास :२९से.मि.) छ । समयको मारले सो गर्भको पनि मूल त्रयोदशभुवन अलप भइसकेको छ र त्यहाँ अर्कै खालको खस्रो ढुङ्गाको नयाँ त्रयोदशभुवन राखिएको छ ।


चित्र संख्या ६

आग्नेयकोणको चैत्य (चित्र संख्या ७, लम्बाइ :६३ से.मि) पनि ईशानकोणको चैत्य जस्तै दुई खण्डको चौकुने आधारपेटीले युक्त छ । यसको तल्लो आधारपेटी (४४से.मि.चौडा) को चारैतिर अर्धगोलाकार गवाक्ष छन् । त्यस्तै माथिल्लो खण्डको आधारपेटी (३४ से.मि.चौडा) पनि उस्तै गरी गवाक्षले युक्त छन् । यस चैत्यका पनि जम्मै गवाक्षहरू खाली छन् र ती पनि पद्मपुष्पाकृतिबूट्टाले अलंकृत छन् । यसको गर्भ (व्यास : ३२ से.मि.) पनि उस्तै चिप्लो र अण्डाकार छ । यसको शिर्षमा पनि अर्कै खालको त्रयोदशभुवन राखिएको छ ।


चित्र संख्या ७

टौमढीटोलको चैत्य (चित्र संख्या ८), लम्बाइ :५६ से.मि., चौडाइ :४३ से.मि.। भक्तपुर शहरको वडा नं.१२ स्थित टौमढीटोलमा दक्षिणाभिमुख पाँचतले मन्दिर छ । सो मन्दिरको सामुन्ने एउटा चौकुने आकारको ठूलो डबली छ । सो डबली 'तन्हाँ दवु' नामले प्रसिद्ध छ । सो दवुको आग्नेयकोणमा अवशिष्ट अवस्थाको यो चैत्य छ । यस चैत्यको आधारपेटीको चारैतिर अर्धगोलाकार गवाक्ष छन् । ती गवाक्षहरूमा ध्यानी बुद्धका उभिएका सूक्ष्म मूर्तिहरू छन् । गवाक्षका दायाँ बायाँ सूक्ष्म स्तम्भ छन् । ती स्तम्भबाहिर घुम्रे पुच्छर भएका मकराकृति छन् । ती मकराकृतिका पनि दायाँ बायाँ चारै कुनामा शरीरको आधा-आधा भाग र शिर जोडिएका सिंहाकृत्ति छन् । गवाक्षका शिर्षमा सूक्ष्मरूपका छेपु छन् । यसरी समग्रमा


चित्र संख्या ८

यो आधारपेटी सामान्य भएर पनि अनेक सूक्ष्माकृतिले सुन्दर र कलात्मक देखिएको छ ।

सो आधारपेटीमाथि थ्याच्च परेको एउटा भाग राखिएको छ जुन हेर्दा यसकै गर्भ हो कि जस्तो लाग्छ । तर मलाई यो यसकै शिर्ष भाग वा गर्भ हो जस्तो लाग्दैन । यो शायद कुनै ढुङ्गेधारामाथि रहने सानो मन्दिरको गजुर पनि रहने शिर्ष भाग हो जसलाई कसैले ल्याएर यसमाथि राखिदिएको आभास हुन्छ । यो कुरा विचारणीय छ । आधारपेटीको प्रस्तर लिच्छविकालमा प्रयोगमा ल्याइने फलामेढुङ्गा (कडा, नीलो मास रङ्गको) को स्तरको छ भने सो थ्याच्च परेको प्रस्तर अर्कै खालको खस्रो ढुङ्गाको छ ।

सलाँ गन्ध:सामुन्नेका चैत्य (चित्र संख्या ९) तचपालटोलमा दक्षिणाभिमुख गणेशमन्दिर छ । 'सलाँ गन्ध:' नामले प्रसिद्ध यस मन्दिरका गणेश भक्तपुरका आदि-गणेशका रूपमा मान्यपुज्य रही आएको छ । यही गणेशमन्दिरको बायाँ पूर्वमा लहरै चारवटा चैत्यहरू छन् । उत्तरपट्टिको चैत्य करीब ३ फीट अग्लो ईंटाको चौकुने आसनमाथि, त्यसदेखि दक्षिणपट्टिको दोस्रो चैत्य प्रस्तरको अष्टकोणाकार+गोलाकार प्रस्तरआसनमाथि, तेस्रो चैत्य चौकुने ईंटाको आसनमाथि र चौथो चैत्य महाकालदेवताको मृन्मयमन्दिरमाथि रहेको छ ।



चित्र संख्या ९

उत्तरपट्टिको चैत्यको आधारपेटी गवाक्षविहीन तर मण्डलाकार रहेको छ । यसको गर्भ अण्डाकार भएर पनि माथितिर लाम्चो परेको छ । यसको गर्भमाथि हर्मिका र तोरणयुक्त त्रयोदशभुवन छ । त्यसमाथि छत्रावली छ ।

दोस्रो चैत्य अन्य चैत्यका तुलनामा केही ठूलो छ । अष्टकोणाकार आसनमाथि दुई खण्डको गोलाकार आधारपेटी छ । सो आधारपेटीमाथि गर्भ छ । यस चैत्यको आधारपेटीमा नभएर सो गर्भको चारैतिर अर्धगोलाकार गवाक्ष बनाई ध्यानीबुद्ध राखिएका छन् । ती गवाक्षहरूका घेरा पद्माकृतियुक्त बुट्टाले अलंकृत छन् । गर्भको माथिल्लो भाग केही थ्याच्च परेको छ । सो गर्भमाथि हर्मिका र तोरणयुक्त त्रयोदशभुवन छ । त्यसमाथि छत्रावली छ ।

तेस्रो चैत्यको आधारपेटी चौकुने छ जसको चारैतिर अर्धगोलाकार गवाक्ष छन् । ती गवाक्षहरू ध्यानीबुद्धका मूर्तिले सुशोभित छन् । गवाक्षको दायाँ बायाँ जोडी हाँसका हिसी परेका सूक्ष्माकृति एवं घुमौरो बुट्टाहरू छन् । गवाक्षको शिर्षभाग पनि घुमौरो बुट्टाले सजिएको छ । आधारपेटीमाथि अण्डाकार गर्भ रहेको छ । सो गर्भमाथि हर्मिका र तोरणसहितको त्रयोदशभुवन छ । यसको शिर्षभाग खण्डित छ ।

चौथो चैत्य पश्चिमाभिमुख महांकालमन्दिरको शिर्षमा छ । सो मन्दिरको गोलाकार मृन्मय शिर्ष-आसनको पश्चिम खोपामा ध्यानी बुद्धको सूक्ष्म प्रस्तरमूर्ति छ । यसमाथि प्रस्तरको अर्धगोलाकार गर्भ छ । त्यसको शिर्षमा हर्मिका, तोरणसहितको त्रयोदशभुवन छ । यसको शिर्षभाग खण्डित छ ।

गुह्यश्वरीपाटीको चैत्य (चित्र संख्या १०) भक्तपुर शहरको वडा नं १७ स्थित दूधपाटी टोलमा 'सिद्धपोखरी' नामको नेपालप्रसिद्ध पोखरी छ । सो पोखरीको उत्तरमा गुहयश्वरीपीठ+पाटी छ । उक्त गुहयश्वरीपाटीको आग्नेयकोणको भित्ताको खोपामा २० से.मि. लम्बाइ र २६ से.मि. व्यास भएको चैत्यको यो गर्भ राखिएको छ । अण्डाकार यो गर्भको पींध दोहोरो पद्माकृतियुक्त बुट्टाले अलंकृत छ ।



चित्र संख्या १०

**सिद्धपोखरीको शिखराकूट चैत्य (चित्र संख्या ११)**

सिद्धपोखरीको पूर्वी घाटमा यो चैत्य छ । तीन तहको चौकुने पेटी उठाएर त्यसमाथि अष्टकोणाकार गर्भ निर्माण गरिएको छ । सो गर्भका प्रत्येक कोणका गवाक्ष



चित्र संख्या ११

अर्धगोलाकार र कलात्मक द्वारतोरणले सजिएका छन् । ती द्वारतोरणका शिर्षमा छेपु छन् । गवाक्षभित्र स्थानक बुद्ध छन् । विचारणीय कुरा के छ भने सो गर्भमाथि अर्को सानो कोणाकार आधारपेटी छ । यो भग्नावस्थाको छ र, यसका अर्धगोलाकार गवाक्षहरू पनि जीर्ण र ठाउँ-ठाउँमा खण्डित छन् । यसका गवाक्षहरू रित्ता छन् । यस कोणाकार आधारपेटीको शिर्षमा एउटा सूक्ष्म चैत्य छ । सो चैत्यको प्रस्तर बैग्लै खालको छ । यसको गर्भ अण्डाकार छ । सो गर्भको चारैतिर अर्धगोलाकार गवाक्ष छन् । ती गवाक्षमा पनि निकै सूक्ष्म रूपका : हात्तीमाथि बसेका, मयूरमाथि बसेका, श्याल(?) माथि बसेका र हाँस(?) माथि बसेका ध्यानीबुद्धहरू छन् । सबभन्दा माथि हर्मिका, तोरणले युक्त त्रयोदशभुवन छ ।

**विश्लेषण र निष्कर्ष**

स्तूप/चैत्य-संस्कृति बुद्धकालभन्दा पनि प्राचीन छ । वैदिक साहित्य यस कुराको साक्ष छ । महापुरुषहरू/राजाहरूको स्मृतिमा चैत्य (स्तूप) बन्दथे जुन 'समाधि' नै थियो । यो संस्कृतिलाई बौद्ध युगले आत्मसात् गर्दै चैत्य/स्तूप (स्मारक) निर्माणको थालनी गऱ्यो । यसरी चैत्य बनाउने काम वैदिक सिद्धान्तको बौद्धकालीन स्वरूप थियो । स्तूप वा चैत्य संस्कृति बौद्ध धर्ममा रूढ हुनपुग्यो । यसको स्थापना धार्मिक कार्य थियो, यसको पूजाले पुण्यलाभ हुने लोकविश्वास पनि चलेर आयो । स्तूप वा चैत्य यथार्थमा स्मृतिचिन्ह-स्मारक थियो जसलाई बौद्ध वास्तुकलाले यसको धर्म-दर्शन एवं सांस्कृतिक विकाससंगै अलंकरण गर्दै लग्यो । बुद्धकालदेखि नै राजमार्गको प्रधानता भएको चौबाटोमा चैत्य निर्माण गर्ने परम्परा रही आएको प्रतीत हुन्छ । भारतमा यो परम्परालाई मौर्य सम्राट अशोक (तेस्रो शताब्दी ई.स.)ले विशेष रूपले व्यवहारमा ल्याएको देखिन्छ । उनले यस्तै स्थानमा पर्ने तक्षशिला, भरहुत, सांची लगायत अमरावतीमा चैत्य बनाउन लगाएका थिए । नेपालमा पनि ई.पू. तेस्रो शताब्दीतिरै यो परम्परा लोकप्रिय भइसकेको दृष्टिगोचर हुन्छ । चावहिलको धन्दो चैत्य/चावहिल चैत्य, ललितपुरको चार सुरमा रहेका अशोक चैत्यहरू उदाहरणस्वरूप छन् ।

बौद्ध कलाको प्राचीनतम विषय विहार र स्तूप/चैत्य थियो । कला र धर्मको यो समन्वय आध्यात्मिक क्रान्तिको प्रतीक थियो जसको अर्थ मानिस र देवताबीचको सम्यक्-एकात्मता प्रतीत हुन्छ । पुरातत्त्वका दृष्टिले विहार र चैत्यका प्राचीनतम नमूना ई.पू. तेस्रो-दोस्रो शताब्दीदेखिका प्राप्त छन् । भारतको अशोकनिर्मित विशाल सांची स्तूप (ई.पू.तेस्रो शताब्दी) लगायत श्रीलंकाको, महासेन (ईस्वी २७३-३०१) निर्मित संसारकै सबभन्दा अग्लो जेतवनारामाय स्तूप (चारसय फीट अग्लो)का गर्भ इष्टका-खचित अण्डाकार छन् । गान्धारको सिंहस्तम्भयुक्त, तीन तहको छत्रले शोभित, शिर्षमा कमलपुष्पबुट्टा भएको, भिक्षुहरूले विन्तिभाव प्रकट गरिरहेको, स्तूपमा जाने सिँढी पनि कुँदिएको, प्रस्तरनिर्मित सानो स्तूपको गर्भ पनि अण्डाकार छ । चावहिल चैत्य लगायत ललितपुरको चार सुरका अशोक चैत्यका गर्भ पनि अण्डाकार छन् । त्यसैगरी हामीले माथि उल्लेख गरेका चैत्यका गर्भहरू पनि अण्डाकार छन् । सूक्ष्म होस् वा विशाल ; भक्तपुरभेकका यी अण्डाकार चैत्यहरूले एकातिर हामीलाई यस भन्दा अधिका भारत, श्रीलंका, अफगानिस्तान लगायत एसियाका अन्य अनेक देशका यस्तै अण्डाकार स्तूप/चैत्यहरूलाई संझाएको छ भने अर्कोतिर विशेषगरी काठमाण्डौं उपत्यकाका ईस्वीको पाँचौं शताब्दीदेखि बाह्रौं शताब्दीसम्मका यस्तै साना चैत्यहरूलाई पनि झल्झली संझाइरहेको छ ।

झौखेलचैत्यका गवाक्ष कमलपुष्पाकृतियुक्त द्वारतोरणसहितका कीर्तिमुखले सजिएका छन् । कीर्तिमुखका

निधार हल्का कोरली परेको केशले छोपिएको छ । त्यसले भक्तपुर सिद्धपोखरीको वराहमूर्ति (ईस्वी पाँचौं शताब्दी) लगायत पशुपति आर्यघाटको विरूपाक्ष (ईस्वी पाँचौं शताब्दी) को त्यस्तै केशशैलीलाई संझाउँछ । झौखेल, लाकोलाछें र भिसिन्ध:हिटीका चैत्यका गवाक्ष खाली छन् । पञ्चध्यानी बुद्धका मूर्ति नराखी गवाक्ष खाली नै छाड्ने परम्परा ईस्वीको छैठौं शताब्दीसम्म पनि चलिरहेको विदित हुन्छ । काठमाण्डौ गणवहालको संवत् ५१६ (ई.सं.५९४) को अभिलेखयुक्त, गवाक्ष खाली भएको प्रस्तरचैत्यलाई उदाहरणस्वरूप लिन सकिन्छ । प्रारम्भिक कालका, विशेषगरी ललितपुरको चार सुरका चैत्यहरू मात्र नभएर गवाक्ष रिक्त छाडिएका यस्ता साना प्रस्तर चैत्यहरूलाई पनि 'अशोक चैत्य' भन्ने परम्परा रही आएको पाइन्छ । 'अशोक' ले व्यक्तिविशेष अशोक लाई मात्र होइन, सारा प्राणीलाई साम्य भावले बुद्धत्वको बाटो देखाउँदै, निर्वाणप्राप्तिको शीघ्र कामना राख्ने महायानी बौद्ध धर्मदर्शनको विख्यात मन्त्रको निचोड : शोक(दु:ख) रहित 'अशोक' हो भन्ने कुरा पनि जानिन्छ । झौखेल, लाकोलाछें र भिसिन्ध: हिटीका चैत्यहरू निर्मित प्रस्तर लिच्छविकालमा प्रस्तरकला बनाउन प्रयोगमा ल्याइने फलामेढुङ्गाका छन् । ती चैत्यका गर्भहरू पनि चिल्लाचिप्ला छन् । झौखेल चैत्यका गवाक्षहरू छेपु/कीर्तिमुखले सजिएका छन् भने लाकोलाछें र भिसिन्ध: हिटीका चैत्यका गवाक्षहरू पद्मपुष्पाकृतियुक्त बुट्टाले सजिएका छन् । लाकोलाछें र भिसिन्ध: हिटीका चैत्यहरूमा देखापर्ने समान प्रकारका आधारपेटी र गवाक्षहरूले हामीलाई टेकु, चावहिल र पाटनका लिच्छविकालीन चैत्यहरूलाई सम्झाउँछ । लाकोलाछें टोलको माथिल्लो खण्डको आधारपेटीका गोलाकार गवाक्षहरू टेकुको लिच्छविकालीन चैत्यको माथिल्लो आधारपेटीका पद्मपुष्पाकृतियुक्त सुन्दर बुट्टाहरूले सजिएका गोलाकार गवाक्षहरू जस्तै दुरुस्त उस्तै छन् । यी चैत्यहरूले हामीलाई पाटन तङ्गाँचुक, कपाटका लिच्छवि चैत्यहरूलाई पनि संझाएको छ । यसप्रकार झौखेल, लाकोलाछें र भिसिन्ध:हिटीका चैत्यहरूमा देखापर्ने विशेषताहरूका आधारमा यी चैत्यहरूलाई ईस्वीको पाँचौं-छैटौं शताब्दीतिर राख्न सकिन्छ । यी सबै चैत्यका गवाक्षहरू खाली नै छन् । यताबाट यी पनि 'अशोक चैत्य' हुन् भनी मान्न सकिन्छ ।

टौमढीटोल चैत्यको आधारपेटी पनि फलामेढुङ्गाको छ । सो आधारपेटीको चारैतिर अर्धगोलाकार गवाक्षहरू, फूलबुट्टा, स्तम्भयुक्त द्वारतोरणले सजिएका छन् र शिर्षमा कीर्तिमुख पनि छन् । गवाक्षभित्र स्थानक बुद्धमूर्तिहरू छन् । चारै कुनामा आधा-आधा शरीर र शिर जोडिएर एक भएका अनौठा सिंहमूर्तिहरू पनि छन् । पाटन ओमवाहाको लिच्छवि चैत्यको माथिल्लो आधारपेटीका कुना पनि यस्तै सिंहमूर्तिले सजिएका छन् । यी विशेषताहरूले हामीलाई काठमाण्डौ द्वाकाबहालको लिच्छविकालीन चैत्यलाई पनि संझाएको छ । सो चैत्य ठूलो छ, यो सूक्ष्म छ । यताबाट टौमढीटोल चैत्यलाई यसमा देखापर्ने यी खास विशेषताहरूतर्फ दृष्टिगत गर्दा यसलाई ईस्वीको आठौं शताब्दीतिरको मान्न सकिन्छ ।

भक्तपुर शहरको वडा नं.८ स्थित सुकुलढोकामा लुं विहार र दोलखाभीमसेनमन्दिर छ । सो मन्दिरको सामुन्ने जीर्णोद्धार गरी राखिएको एक चैत्य छ । सो चैत्यको गर्भ उत्तरलिच्छविकालीन चैत्यका गर्भहरूसित मेल खान आएको छ र यो पनि उस्तै फलामे ढुङ्गाबाट बनेको छ । यताबाट यसलाई ईस्वीको नवौं शताब्दीतिर राख्न सकिन्छ ।

सलाँगणेश सामुन्नेका चारवटै चैत्यहरू भिन्नाभिन्नै प्रकारका छन् । यी चैत्यहरूको संरक्षित अवस्थानलाई विचार गर्दा यस्तो प्रतीत हुन्छ मानौं वर्तमानमा मात्र नभएर यी चैत्यहरूले अतीतका विभिन्न कालखण्डदेखि नै अनवरत रूपले संरक्षण र संवर्द्धन पाउँदै आएको छ । खासगरी दोस्रो अष्टकोणाकार चैत्यले पाटन क्वतिबाहाको यस्तै अष्टकोणाकार चैत्यलाई संझाएको छ । तर त्यसको गर्भ चिप्लो र अण्डाकार छ, गवाक्ष खाली छन् भने यसको गर्भले हामीलाई हिमालीभेकको 'छ्योरतेन'लाई सम्झाएको छ । यसका गवाक्षहरूमा बसेका ध्यानी बुद्ध छन् । तेस्रो

चैत्यको गर्भ भने झौखेल, लाकोलाछैं, भिसिन्य: हिटी लगायत उपत्यकाका अन्य लिच्छविकालीन चैत्यका गर्भहरू जस्तै अण्डाकार छ । यस चैत्यको गवाक्षमा बसेका ध्यानी बुद्ध छन् र, चारैतिरका गवाक्षका दायाँबायाँ जोडी हाँसका आकृति छन् । चैत्य/विहारमा हाँसको आकृति/मूर्ति राख्ने परम्परा प्राचीनकालदेखि चलिआएको विदित हुन्छ । टेकुको लिच्छवि चैत्यको दोस्रो खण्डको आधारपेटीका गवाक्षहरूका दायाँ बायाँ भागहरू हाँसका सुन्दर आकृतिले सजिएका छन् । सुर्खेतको काँक्रेविहारका अवशिष्ट भागका स्तम्भ, द्वारतोरणहरू पनि हाँसका यस्तै सुन्दर सूक्ष्माकृतिहरूले सजिएका छन् । समग्रमा यी चैत्यहरूलाई हामी लिच्छविकालभन्दा केही पछिको वा ईस्वीको बाह्रौं-तेह्रौं शताब्दीतिर राख्न सक्दछौं ।

गुह्यश्वरीपाटीको चैत्यको गर्भको पींध दोहोरो पद्माकृतियुक्त बुट्टाले सजिएको छ । यो कुरा विचारणीय लाग्छ । लिच्छविकालका मूर्तिहरूको आसन एकोहोरो पद्माकृतिले युक्त देखापर्छन् । तर ईस्वीको आठौं शताब्दीदेखि एकनासले भने जस्तै तल र माथि दुबैतिर फर्केका दोहोरो पद्माकृतिको प्रयोग चलेर आयो । यसै आधारमा यसलाई ईस्वीको बाह्रौं शताब्दीतिर राख्न सकिन्छ ।

सिद्धपोखरीको चैत्य छाने/प्यागोडा शैलीको तीन तहको चौकुने पेटीमाथि खडा छ । यसको अष्टकोणाकार गर्भ र त्यसको पनि माथि कोणाकार आधारपेटी एवं शिर्षमा पुन: अर्को सूक्ष्म चैत्यले समष्टिगत रूपमा यस्को स्वरूप कुनै शिखरमन्दिर जस्तो आभास हुन्छ । यसैकारण गुश्चोले यसलाई 'शिखराकूट चैत्य' को श्रेणीमा राखेका छन् । यसरी यो चैत्य मिश्रित शैली स्वरूपको रहेको छ । यसको अतिरिक्त पनि यस चैत्यमा देखापर्ने केही विशेषताहरूले यसलाई अद्‌भुत र विचारणीय तुल्याएको छ । यसको तलको अष्टकोणाकार गर्भको प्रस्तर खस्रो ढुङ्गाको छ भने शिर्षको गर्भ बेग्लै ढुङ्गाको कडा र कालो-नीलो छ । यसरी यो चैत्य पुरानो र नयाँ चैत्यको संयोजनबाट बनेको हो भन्ने आभास हुन्छ । गुश्चोले यसलाई यसको अण्ड र गर्भलाई आधार मानेर पुरानो लिच्छविकालीन चैत्यलाई संयोजन गरी सत्रौं शताब्दीतिर निर्माण गरिएको शिखराकूट चैत्य भनेका छन् । यो कुरा विचारणीय छ । जे होस् ; हामी अहिले यो चैत्यलाई लिच्छवि अवशेष/प्रभाव भएको मल्लकालीन चैत्यको अद्‌भुत नमुनाको रूपमा लिन सक्छौं । यस चैत्यका बारेमा बेग्लै गहन अन्वेषण हुनु जरूरी छ ।

जहाँ चैत्य छ त्यहाँ विहार पनि छ भनी मान्न सकिन्छ । माथि गएका चैत्यहरूले यसको आसपासमा विहारहरू हुनसक्ने संभावनातिर पनि संकेत गरेको छ । लिच्छविकालमा भक्तपुरमा पनि विहार थियो भन्ने कुराको सर्वप्रथम जानकारी दिने शिलालेख वागेश्वरीको बाघहिटीको ईस्वीको पाँचौ शताब्दीतिरको अभिलेख हो । सो अभिलेखमा 'उद्योतक विहार'को उल्लेख आएको छ । भक्तपुर शहरको पूर्वमा च्यामासिंहस्थित वाचुहिटी परिसरको लिच्छविकालीन संवत् १४४ (ईस्वी ७२०) को बौद्ध अभिलेखमा शाक्य भिक्षु सोमनाथ एवं 'भिक्षुणीसंघ' को उल्लेख आएको छ । यताबाट सो परिसरमा तत्कालीन समयमा भिक्षुणीसंघ रहेको बौद्ध विहार यहाँ थियो भन्ने कुरा थाहा पाइन्छ । यसरी केही समय अघिदेखि पत्ता लाग्दै आएका यी प्राचीन कलावस्तु एवं अभिलेखीय प्रमाणहरूबाट ललितपुर र कान्तिपुर मात्र नभएर भक्तपुर पनि बौद्ध धर्मको प्राचीन थलो हो भन्ने कुरा निश्चित रूपले थाहा हुन आएको छ । बौद्ध धर्मको उषाकालदेखि नै भक्तपुरले पनि यस धर्ममा विकसित हुँदै आएका महत्त्वपूर्ण परिवर्तनहरू र विकासलाई आत्मसात् गर्दै आइरहेको थियो भन्ने कुराका प्राचीन साक्षहरू अब भक्तपुरले पनि पाएको छ । यी चैत्यहरू पनि हाम्रा सामु थप साक्ष बनेर आएका छन् ।

अन्त्यमा, यी सम्पदा हाम्रा पुर्खाले हामीलाई सुम्पेर गएका अमूल्य निधि हुन् । यी सम्पदा हाम्रो खास पहिचान हो, हाम्रो संस्कृति हो । संस्कृति हरायो भने हाम्रो पहिचान गुम्नेछ, हाम्रो देश हामी माझबाट नै हराउने छ । यसैले यी सम्पदाको संरक्षण, संवर्द्धन गरौं; यसले हामी सबैको भलो गर्नेछ ।

✠



# पण्डित सिद्धिहर्ष बज्राचार्य

✍ रत्नसुन्दर शाक्य

ऐतिहासिक शाक्यमुनि बुद्ध (परम्परानुसार ई.पू.६४४-५२४) को धर्मलाई कालान्तरमा आएर आ-आफ्नो देशको परिस्थितिअनुसार विभिन्न यान (हीनयान/थेरवाद महायान/ बज्रयान) को रुपमा प्रचार-प्रसार हुँदै आएको क्रममा नेपालमा पनि सदियोंदेखि परम्परागत बज्रयानी रुपमा प्रचार-प्रसार (संरक्षण) हुँदै आइरहेको हामीलाई अवगत भएकै कुरा हो ।

यसै क्रममा भारतमा ८ औं देखि १२ औं शताव्दीसम्मको अवधिभित्र प्रादुर्भाव हुनुभएका ८४ जना सिद्धहरूको कालानुक्रमको अन्तमा विशेषत: महमूद गजनवी, बख्तियार खिलजी, शमसुदिन तुगलक आदिका (मुसलिम सैन्य) आक्रमण पश्चात भारतस्थित ती बज्रयानी आचार्यहरूको एक आश्रयस्थल नेपाल हुदैं आएको फलस्वरुप नेपालमा उहाँहरूले यहाँकै परिस्थिति अनुरुप तान्त्रिक रुपमा बुद्ध-धर्मलाई आफ्नै ढंगबाट प्रचार-प्रसार गर्दै आइरहेको स्पष्टै छ ।

यही क्रममा काठमाण्डौ उपत्यकामा रहनु भएका ती आचार्यहरूले कयौं बहा-बहीहरू निमार्ण गरी बुद्ध धर्मको प्रचार-प्रसार विशेषत: प्रतिकात्मक रुपमा गर्दै आइरहेको हामीले अद्यापि देख्दै आइरहेका छौं । यसै क्रममा काठमाडौ उपत्यकाका एक प्रमुख बहाल कान्तिपुरको असन टोलस्थित तक्षबहाल पनि प्रमुख थियो । सो बहालका एक ऐतिहासिक तान्त्रिक बज्राचार्य हुनुहुन्छ -सुरतवज्र (१५ औ शताब्दी) । यहाँ उहाँकै परम्परामा जन्मिएका एक प्रतिष्ठित व्यक्तित्व पण्डित सिद्धिहर्ष बज्राचार्यको बारेमा केही लेख्न जमर्को गरेको छु -

उहाँको जन्म वि.सं. १९३६ को श्रावण महिना (श्रावण शुक्ल दशमीका दिन)मा पिता पण्डित सुविनिश्चित हर्ष र माता मुनिथकुंको पुत्रको रुपमा सुरतश्री महाविहार (तक्षबहाल) मा भएको थियो । बाल्यावस्थामै पिताको निधन हुन गएको कारण बालक सिद्धिहर्षलाई साथ लिई माता मुनिथकु आफ्नो माइतिघर हेमवर्ण महाविहार गंबाहालमा रहन जानुपरेको कारण बालक सिद्धिहर्षको बाल्यकाल अति कष्टमय हुन गएको थियो । उहाँको प्रारम्भिक शिक्षा मामाघरको तर्फबाट नै भयो ।

सिद्धिहर्ष बज्राचार्यले प्रारम्भिक शिक्षापश्चात नै व्याकरण र काब्यको अध्ययनमा लाग्नु भयो । सो विषयमा उहाँले आफ्नो अध्ययन पण्डित गंगादत्त शर्माको छत्रछाँयामा रहि हासिल गर्नुभएको थियो ।

त्यसताका ललितपुर (पाटन) मा एक पण्डित कुलमान बज्राचार्य घण्टाघर वीर पुस्तकालयमा जागिरमा रहँदै आउनुभएको थियो । उहाँसित सिद्धिहर्ष बज्राचार्य बुद्ध-धर्मसम्वन्धी विस्तृत अध्ययन गर्नुभएको फलस्वरुप उहाँले पनि पछि सोही पुस्तकालयमा काम पाउनुभएको थियो ।

उक्त वीर पुस्तकालयमा विशेषत: मल्ल राणाहरूको समयदेखि संलग्न हुँदै आइरहेको हिन्दु र बौद्ध धर्मका थुप्रै प्राचिन हस्तलिखित एवं ताडपत्रमा लेखिएका ग्रन्थहरू एवं विभिन्न विधामा लेखिएका थुप्रै नेपालभाषा साहित्यका पनि प्राचिन कृतिहरू रहेको कारण उहाँले सो को अध्ययन गर्ने अवसर पाउनुभएको थियो । त्यस अनुरुप उहाँले आफूमा रहेको संस्कृतको ज्ञान वृद्धि

गर्ने अवसर पाउनुभयो साथै उक्त पुस्तकालयमा तिब्बती भाषाका ग्रन्थहरू पनि रहेको कारण उक्त भाषाको पनि अध्ययन गरी सो कृतिहरूको जानकारी अवगत गराउँदै लगे ।

सन् १९०५-६ मा भारतको कलकत्तास्थित Asiatic Society of Bengal का प्रमुख सचिव पण्डित हरप्रसाद शास्त्री (सन् १८५३-१९३१) नेपालको वीरपुस्तकालय निरीक्षणार्थ आउनुभएको थियो । उहाँलाई तत्कालीन राणा प्रधानमन्त्री श्री ३ चन्द्रक्शम्शेर (राज्यकाल सन् १९०१-२९) ले नै प्रमाङ्गी दिएको फलस्वरुप यहाँ आई सो पुस्तकालयमा रहेका प्राय: सम्पूर्ण हास्तलिखित ताडपात्रमा लिखित एवं अन्य बहुमूल्य कृतिहरूको पूर्ण सोध खोज गरी त्यसका सम्पूर्ण विवरण अङ्ग्रेजी भाषामा प्रकाशित गरिएको थियो । यसैको निमित्त पण्डित हरप्रसाद शास्त्री सन् १९०७ को ग्रीष्मकालमा पनि दुई महिना नेपालमा बिताउन दुई सहायकहरूका साथ आउनुभएका उहाँलाई सुब्बा विष्णुप्रसाद राजभण्डारीले अन्य निजी पुस्तकालयहरूमा रहेका कृतिहरू पनि ल्याइदिई विशेष सहयोग गरेको थियो ।

स्मरणीय छ, पण्डित हरप्रसाद शास्त्रीले त्यसताका (२० औं शाताब्दीको पहिलो दशक) वीर पुस्तकालयमा रहेको भारतमै दुर्लभ भइसकेको हिन्दु र बौद्ध धर्मका प्राचिन ग्रन्थहरूको सूचिपत्र प्रकाशित गरेदेखि विश्वका प्राच्यविद्हरूको ध्यान नेपालतर्फ केन्द्रित भए अनुरुप धमाधम आउँदै गरे ।

यसप्रकार पण्डित सिद्धिहर्ष बज्राचार्य उक्त पुस्तकालयको कर्मचारी हुनाको कारण सो पुस्तकालयमा आउनुहुने देश-विदेशका विशिष्ट विद्वानहरूसित उहाँको सम्पर्क बढ्दै जानु स्वाभाविकै थियो । विशेषत: विदेशी विद्वानहरूसित नियमित सम्पर्क रहदै-गर्दै जान पाएबाट उहाँमा अङ्ग्रेजी भाषाको ज्ञान पनि वृद्धि हुँदै आयो ।

उहाँले वीर पुस्तकालयमा आउनुहुने विदेशी विद्वानहरूलाई तिनीहरूको अध्ययन अनुसन्धानमा सक्दो सहयोग गर्दै जानुभयो । ती विदेशी विद्वानहरूलाई पुस्तकालयमा रहेको नेपालका विभिन्न लिपिमा लेखिएका ग्रन्थहरूको अध्ययनार्थ आवश्यक अनुरुप नेपाली लिपिको ज्ञान एवं अन्य आवश्यक ग्रन्थहरूको पनि यत्र-तत्रबाट ल्याइ दिई उहाँले सक्दो मदत गर्दै आउनुभएको थियो ।

पण्डित सिद्धिहर्ष बज्राचार्यको सहयोगबाट त्यसताका नेपाली लिपी, नेपालको इतिहास, नेपालमा प्रचलित बुद्ध-धर्म (वज्रयान) आदिबारे जानकारी हासिल गर्न पाउनुभएका केही विदेशी विद्वानहरू निम्न रहेका छन् ।प्रो.सिलवेन लेवी (फ्रान्स), प्रो.जोसेफ टुच्यी (इटाली), प्रो.इकाई कावागुची (जापान), पण्डित हरप्रसाद शास्त्री, विनयतोष भट्टाचार्य, प्रबोधचन्द्र बागची, राहुल साँकृत्यायन( भारत) आदि ।उहाँहरूको अतिरिक्त स्वदेशमा नयराज पन्त र इतिहास शिरोमणी बाबुराम आचार्यलाई पनि उहाँले अक्षर भुजिंम्व:को जानकारी (अध्यापन) गराउनुभएको थियो । नेपालका सुप्रसिद्ध उद्योगपति हुनुभएका साहू मणिहर्ष ज्योतिकंसाकार र सुविख्यात बज्रयानी आचार्य पण्डित बद्रिरत्न बज्राचार्यलाई पनि उहाँले अध्यापन गर्नुभएको थियो ।

उपर्युक्त विद्वात व्यक्तिहरूलाई उहाँले गर्नुभएको योगदानको प्रमाण उहाँहरूबारे उल्लेखित केही कथनहरूबाट पनि स्पष्ट हुन्छ । जस्तो फ्रान्सका आचार्य प्रो. सिलेवेन लेवीले बुद्ध-धर्म पत्रिकाका सम्पादक हुनुभएका धर्मआदित्य धर्माचार्यलाई पढाएको एक पत्रमा प्रसंगवश उल्लेख गरिएको थियो ।

"I tried to learn a little of Newari with the help of pandit Siddhiharsa but Iam eager to know more than of it and therefore I injoyed the reading of your magagine"

यस्तै भारतका विद्वान् विनयोतोष भट्टाचार्यले पनि आफूले सम्पादन गरेको कृति निष्पचयोगावली मा उल्लेख गरिएको छ । "To Pandit Siddhiharsa Varjacharya of Nepal my thanks are due for taking an active interest in the Publication of this work and making available the third manuscript without which the editing would have been much less stisfactory than it is

now."

यस्तै बँगालका सुप्रसिद्ध बहुभाषाविद् डा. सुनितिकुमार चाटर्जीले आफ्नो कृति "Kiratijana Kriti" र बडौदाका विद्वान हरप्रसाद शास्त्रीले आफ्नो कृति "Iconography of the Buddhist images" मा उहाँ पण्डित सिद्धिहर्ष वज्राचार्यको सहयोग उल्लेख गरेर कृतज्ञता ज्ञापन गरेको हामी पाउँछौं ।

पण्डित सिद्धिहर्ष वज्राचार्यले वज्रयानीहरूको पूजाविधिमा अत्यावश्यक रहेको 'गुरुमण्डल' पूजा विधान कृति सर्वप्रथम छापाखानाबाट सुपाठय कृतिको रुपमा प्रकाशन गर्नुभएकी थियो, तर त्यसबेला उहाँको यस कार्यलाई कट्टरपन्थी अन्धपरम्परावादी वज्राचार्य समाजले धर्म विरोधी कार्यसमान सम्झी उहाँको निकै विरोध गरेको थियो । अझ एकजना सम्बन्धित व्यक्तिले उहाँको सामू भनिदिए ।"तिमी निकै जान्ने भयौ अफूसमान पण्डित कोही छैन भनि देखाउन यस्तो काम गर्दैरहयो । यस्तो तालले लागिरहे आफ्नो समाजबाट बाहिरिनु पर्ला होश गर ।"

यस प्रकार सिधासादा एवं नरम स्वभाव हुनुभएका पण्डित सिद्धिहर्ष वज्राचार्यलाई अनाहक लांछना लगाएको कारण उहाँले प्रकाशित कृति 'गुरुमण्डल' को सबै प्रति एकै ठाउँमा थुपारी आइन्दा केही पनि नलेख्ने , कुनै पनि कृति प्रकाशित नगर्ने प्रण लिए ।

त्यसबेला जान्ने बुझ्ने अन्य वज्राचार्यहरू पनि थुप्रै थिए । तर जनतालाई बोध गराउने तर्फ नलागि सिर्फ कर्म काण्डहरूमा मात्र लागि आफूमात्र जानिफकार हुने प्रकृतिका थिए तर पण्डित सिद्धिहर्ष वज्राचार्यसित त्यस्तो स्वभाव थिएन । उहाँले आफूकहाँ आई सोधपूछ गर्न आउने विदेशी या स्वदेशी जोसुकैलाई पनि आफूले सक्दो मदत गर्नु हुन्थ्यो । नाताकुटुम्बहरूले रुचाएका थिएनन् ।

वि.सं. १९९३को कुरा हो , नेपालमा उद्योग परिषद को स्थापना भएको थियो । त्यसै प्रसंगमा उद्योगप्रेमी राणा प्रधान मन्त्री श्री ३ जुद्धशम्शेर (राज्यकाल, सन् १९३२-४५) ले नेपाली जनतालाई प्रोत्साहनको रुपमा एकपल्ट बोलेको र भाषण दिएको थियो ।

"जसलाई आफ्नो देश र आफ्नो भाषाको अभिमान छैन, फेरि जो त्यसको निम्ति मर्न जानेको छैन त्यो नरपशु हो, पृथ्वीको भार हो । त्यसले जन्म लियो, खायो, हग्यो, मर्‍यो बस् ।"

यस भाषणबाट प्रभावितभई त्यसताका आफ्नो हातमा सीप भएका जनताहरूले वि.सं. १९९६ सालमा नारायणहिटि दरबार पछाडि रहेको लैनचोरमा भएको उद्योग प्रदर्शनीमा आ-आफ्नो सीप एवं क्षमतामा गति विधिहरू प्रस्तुत गर्न पुगेका थिए ।

यसै क्रममा नेपालभाषाका हितचिन्तक एवं साहित्यकार फतेबहादुर सिंह (ने.सं. १०२०-११३०) ले 'नेपाली विहार' नामक एक पुस्तक सम्पादन गरी प्रकाशित गरेको थियो । जसमा उहाँ
नेपालभाषाका प्राचिन र आधुनिक कविहरूको कविता संकलन गरी एक विस्तृत भूमिकाका साथ प्रस्तुत गर्न ल्याएको थियो । सो पुस्तक पनि उक्त प्रदर्शनिमा प्रस्तुत गर्न ल्याएको थियो । यस्तै पण्डित सिद्धिहर्ष वज्राचार्यले पनि निकै मेहनेत गरी नेपालको आफ्नै मौलिक लिपि नेपाल क्षर र
रञ्जनाक्षर वर्णमालाको चार्ट बनाई उक्त प्रदर्शनिमा प्रदर्शन गर्द ल्याएको थियो । कविवर फतेबहादुर सिंहको 'नेपाली विहार' कृति र पण्डित सिद्धिहर्ष वज्राचार्यको सो वर्णमालाचार्ट प्रदर्शन नजर गर्न आउनुभएका राजा श्री ५ त्रिभुवन (वि.सं. १९६३-२०११)ले किनेर लानुभएको थियो । यस बारेमा राणाहरूको बीच चर्चा परिचर्चा हुनगयो ।

यसको केही दिनपश्चात् त्यसताका शिक्षा विभागका प्रमुख हुनुभएका राणा मृगेन्द्र शम्शेरले पण्डित सिद्धिहर्ष वज्राचार्यलाई बोलाउन पठाई ख्याल ठट्टा जस्तो गरी नरमी स्वभाव देखाई सोध्नुभएछ -

गुभाजु ! तिमिले प्रदर्शनीमा नेवारी अक्षरको चार्ट बनाई खुबै राम्रो काम गरेछौं होइन ? सीधा स्वभावका पण्डित सिद्धिहर्ष वज्राचार्यले जवाफ दिए -

"हो हजूर ! मैले साह्रै नै मिहेनत गरेर सो चार्ट

बनाएको हुँ । हजूर, यो हाम्रै देशको अक्षर हो ।" उहाँले यस्तो के भनियो मृगेन्द्र शम्शेर जंगिए-

"आइन्दा यस्तो नचाहिदो काम नगर्नू एक पटकलाई भइहाल्यो जाउ । फेरी फेरी यस्तो गऱ्यो भने राम्रो हुनेछैन् ।" यस प्रकारको कडा वचन सुनी पण्डित सिद्धिहर्ष बज्राचार्य भस्किए । जुन आशा लिएर गएका थिए उल्टो चेताउनी पाई फर्के ।

वि.सं. १९९७ सालमा नेपाल प्रजापरिषद र महावीर इन्स्टिच्यूट स्थापनामा लागेका व्यक्तिहरूलाई धरपकड गरी लगेको क्रममा नेपाली विहार का सम्पादक फत्तेबहादुर सिंहलाई जन्मकैद र सर्वस्व हरण नेपाली विहार मा कविता रहेका सिद्धिचरण श्रेष्ठलाई १२ वर्ष कैद र सर्वस्व हरण एवं पुस्तकको भूमिकामा नाम पाइएका चित्तधर हृदय लाई ६ वर्षको कैद सुनाएको थियो ।

यसप्रकार त्यसबेलाको भयावह स्थितिलाई अवगत गरी पण्डित सिद्धिहर्ष बज्राचार्यले लेख प्रकाशनको कार्य छोड्नु भई मौखिक रुपमा मात्र विभिन्न व्यक्तिहरूलाई ज्ञानगुणको कुरा सुनाउने गर्दै आउनुभएको थियो ।

अन्तमा, स्वदेशमा बाबुकाजि गुरुजु र विदेशमा पण्डित सिद्धिहर्ष बज्राचार्यको रुपमा चिनिएका वि.सं. १९८६ देखि वीर पुस्तकालयका प्रमुख पद सम्हाल्नुभएका पण्डित बौद्ध विद्वान् सिद्धिहर्ष बज्राचार्यले आफ्नो जीवनलीला २८ अगष्ट १९५२ अर्थात १३ श्रावण २००९ का दिन ७३ वर्षको उमेरमा अन्त गर्नु भयो ।

✠


## अनुरोध

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ
प्रकाशित
बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिक को
***वार्षिक तथा आजीवन ग्राहक*** भई
सहयोग गरिदिनुहुन पाठकहरूमा हार्दिक
अनुरोध गर्दछ ।

साथै निरन्तर प्रकाशनको लागि लेख-रचना
तथा व्यवसायिक विज्ञापन दिई सहयोग
गर्नुहुन
हार्दिक अनुरोध गर्दछ ।

**बौद्ध दर्शन अध्ययन समाज**
**भक्तपुर**
Email: arhattraimasik@gmail.com


अबोध (केही नजानेका)
व्यक्तिलाई सजिलैसित सम्झाउन
सकिन्छ, बुद्धिमान
(विशेषज्ञ) व्यक्तिलाई झन्
सजिलैसित सम्झाउन सकिन्छ,
तर अल्पज्ञ (लेशमात्र अध्ययन
गरेर गर्वले चूर भएका)
व्यक्तिलाई
साक्षात् ब्रम्हाजीले पनि प्रसन्न
गर्न (सम्झाउन) सकिन्दैन।

साभार
भर्तृहरि -नीतिका अर्ध शतकबाट



# धर्म र राजनीति

तुल्सीकाजी मानन्धर, "परियन्ति सद्धम्म कोविद"

धर्म र राजनीति समाज र देशको अत्यावश्यक तत्व हुन् । धर्मले नैतिक आचरण सिकाउँछ भने राजनीतिले राष्ट्रलाई उन्नति र सुशासनको व्यवस्था गर्छ ।

प्रकृतिको स्वभाव अथवा नियमलाई "धर्म" भन्दछ । प्रकृतिको नियम अनुरुप आगो र पानीको उदाहरणलाई लिन सकिन्छ । जस्तै आगोले पोल्ने र पानीले शीतलता प्रदान गर्ने प्रकृतिको धर्म हो । आगो आफू बल्ने र आफ्नो छेउ आउने जोकसैलाई पनि जलाई दिने, त्यस्तै पानी शीतल हुने स्वभाव हो र आफ्नो छेउछाउ आउने सबैलाई शीतलता प्रदान गर्नेगर्छ ।

समाजमा जुन व्यक्तिले नराम्रो सोच-विचार गरी काम गर्छ वा गराउँछ , उसको मनोस्थिति ठीक रहँदैन । जस्तै निन्द्रा नलाग्ने सम्भावना हुन्छ ।

मूर्खले अरुलाई अनेकन दु:ख कष्ट दिइ आफूलाई फाइदा लिन खोज्छ । त्यसको लागि अनेक नराम्रा योजनाहरू बनाउँछन् ।उसले अरुको जे सुकै नोकसान भए पनि मतलब (वास्ता) राख्दैन, मात्र आफ्नो स्वार्थ खोज्छ । पछि त्यहि स्वार्थका कारण मनोस्थिति अशान्त भएर दु:खमा परिणत हुन्छ । जसबाट जीवनको अत्यसम्म पनि पश्चातापले बिताउन बाध्य हुन्छ ।

यसप्रकार जसले राम्रो कुरा मनमा लिई त्यहि अनुसार आफ्नो, समाज र देशको लागि राम्रो काम गर्छ, सबै प्रति सहयोगी भावना राख्छ । साथै अरुलाई राम्रो काम गर्न प्रेरणा दिन्छ, त्यस्ता व्यक्तिको मन सधैं प्रफूलित भैरहन्छ । उसलाई राम्रो निन्द्रा लाग्छ । उसले सन्तोषको स्वाँस फेर्छ । उसको मन बलियो हुन्छ । उ सुखी भई निरोगी बन्छ , जीवनको अन्त्य सम्ममा पनि सुखी जीवन बिताउन पाउँछ ।

राजनीति सबै नीतिहरूका प्रमुख मानिन्छ । राजनीतिले देशमा शासन चलाउनुका साथै, देशमा शान्ति सुव्यवस्था कायम गरि प्रगति तर्फ लाने काम राजनीतिले गर्छ । राजनीति ठीक र सही भयो भने साँच्चिकै देश शान्ति र प्रगति तर्फ लान्छ । राजनीति गलत भयो भने देशमा भद्रगोल हुन्छ । खराब व्यक्ति राजनीतिको उच्च ओहोदामा पुगिसके पछि जनतालाई दिएको प्रतिबद्धता भूलाई आफ्नो र आफन्त (नाताकुतुम्ब) हरूको मात्र ध्यान पुऱ्याउँन्छ ।

देशलाई प्रगति र दुर्गतिमा पुऱ्याउने जिम्मा राजनीतिको हुन्छ । त्यसकारण देशका मूलकानून-संविधानमा सर्म्पूण जाति, धर्म, भाषा भाषीहरूको जर्गेना गर्ने मौलिक अधिकार हुनुपर्छ, राज्यमा सबैको समान अधिकार र पहुँच हुनु पर्छ । छुवाछुत तथा थिचो मिचोलाई बन्द गर्नु पर्छ । देशलाई कहिल्यै पनि द्वन्दतिर लाने अवस्था आउन दिनु हुन्दैन । सबै जनता मिलि देश बिकास गर्न पाउने वातावरण हुनु पर्छ ।

राजनीतिमा स्वस्थ रुपमा प्रतिस्पर्दा हुनु पर्छ, अन्यथा देशको सहि प्रगति हुन सक्दैन । त्यस्तै प्रशंगमा एक पटक भगवान बुद्धले राजनेताहरूमा हुनु पर्ने गुणको बारेमा बताउनु भएको थियो । जसलाई "नायकगुण"

भनिन्छ । ती निम्न हुन् १) क्षमा गुण २) जागरिय (जागरुकता) गुण ३) वीर्य (उत्साह) गुण ४) सविभाव) सत्य असत्य छुत्याउने)गुण ५) दया गुण र ६) इकखना (हरेक पक्षमा विचार गर्ने) गुण हुन् ।

त्यस्तै राजनीतिज्ञहरूले पालन गर्नु पर्ने सात अपरिहानिय धर्म (नियम) जुन पालन गरेमा राष्ट्र दृध्ढ र सम्बृद्धशाली भइरहने छ । यसको पनि उहाँले चर्चा गर्नु भएको छ । ती अपरिहानीय धर्म (नियम) निम्न हुन् ।

१) बरोबर भेला भई सामूहिक निर्णय गर्नु
२) निर्णय अनुसारको कर्तव्य पुरा गर्नु ।
३) कानून र नीतिको पालन गर्नु ।
४) बृद्ध-बृद्धाहरूलाई आदर गर्नु ।
५) स्त्रीहरूलाई जबरजस्ती नगर्नु ।
६) जातीय धर्मको पालन गर्नु ।
७) धर्माचार्यहरूको सत्कार गर्नु ।

धर्मको विषयमा मानिसहरू आँखा चिम्लेर सुझबुझ नै नगरी अनेक धर्ममा लाग्छन् । धर्म के हो ? धर्म बाट के प्राप्ति हुन्छ र धर्म कस्तो हुनु पर्छ ? भन्ने वारेमा ध्यान राख्दैनन् । मात्र देखासिकि र लहैलहैमा लाग्छन् । केही धर्मका ठेकेदारहरूले धर्मको नाममा अनेकौं मनगदन्ते, किंवदन्ति, अन्धभक्ति र अंधविश्वासका कुराहरू मिसाई प्रचार-प्रसार गर्छन् । जसबाट धर्ममा लाग्ने मानिसहरू, तामसी र भूल-भूलैयामा फसेको सहजै अनुमान गर्न सकिन्छ ।

त्रिपिटकको सुत्तपिटक अर्न्तगत वीधनिकायको "ब्रम्हजाल सुत्त" मा बुद्धले तत्कालिन अवस्थामा प्रचलित ६२ प्रकारका दार्शनिक सिद्धान्तका कुराहरू उल्लेख गरी त्यस सिद्धान्तहरूको विवेचना गरिराखेका छन् ।ती सिद्धान्तहरूलाई मिथ्या दृष्टिको संज्ञा दिइराखेको छ । धर्म अन्धविस्वास भने पक्कै होइन धर्म जीवन पद्धति हो र जीवन जीउने कला हो । अर्को शव्दमा धर्म शिक्षा हो र ज्ञान हो । त्यसलाई सुझ-बुझ गरेर मात्र स्वीकार गर्नु पर्छ ।

अन्तमा, धर्मलाई वैज्ञानिक तरिकाले स्वीकार्नु पर्छ । किवंदन्तिको आधारमा होइन । हरेक व्यक्तिको कृयाकलाप धर्म अनुरुप हुनु पर्छ । जसले जीवनलाई अघि बद्न सरल बनाउँछ । धर्म विज्ञानको सहारा विना अन्धो हुन्छ । विज्ञानले धर्मलाई शुद्ध पार्न मद्दत गर्छ । धर्मले तनाव, अशान्ति, मनोरोग रीस, राग र द्वेषलाई हटाई सुख शान्ति, निरोगी र बैर रहित भई मानिसलाई सुखी जीवन बिताउन प्रेरित गर्छ । अस्तु ।

## कुशल धर्म

१) प्राणी हिंसा हुने, प्राणमा आघात पुग्ने काम नगर्नु।
२) अर्काको शुभ र लाभमा हानी नगर्नु।
३) काम मिथ्यामा (व्यभिचारमा) नलाग्नु।
४) असत्य, मिथ्या व्यवहारमा नलाग्नु।
५) अप्रमादी भई प्रशंसा गर्न योग्य कुरोको मात्र प्रशंसा गर्ने भई झूटो प्रशंसामा नलाग्नु।
६) अरुको सेवा (परोपकार) गर्नु।
७) सबैसँग मैत्रीपूर्ण व्यवहार गर्नु।
८) सारयुक्त कुराहरूमा मात्र चिन्तन-मनन गर्नु।
९) सत्य, यथार्थको खोजमा लाग्नु।
१०) कुनै पनि कुरामा अनाशक्त भई उपेक्षा गर्न सक्नु यही नै कुशल धर्म हो।

*साभार : बुद्ध र उहाँको धर्म*

पूर्णाङ्क १३ या ल्यं

# चतुब्रम्ह महाविहार

**विहारया स्वरुप व सम्पदा**

चतुब्रम्ह महाविहार ख्वपया विहारत मध्य दकले बाँलागु व पुलांगु स्वरुप ल्यनाच्वंगु बिहार खः । थुगु बिहारया नितँजा जुया प्यखेरं चाःहुले ज्यू । धयातःगु कथं विहारया न्हापा प्यंगु दिशाँ हे चाःहुले ज्यूगु खः ।बिहार पच्छिम लागाय् पुरातत्व विभाग व दक्षिण तुंथी दुगु जुल । थुगु तुंथी नेपाल सम्वत ७२६ स निर्माण जूगु खनेदु । थुखेर तःतःजागु पखादना तःगुलिं दुहाँपिहाँ जुइ मजि धुंकुगु दु । थौकन्हे बिहारया मुख्य आकर्षण धैगु हे उत्तर व पूर्वपतिया मोहरा जुइ धुंकुगु दु । पूर्वपतिइया मोहरा तौमधी (न्यातापौ द्यगःय्) वनेगु खः । थुगु मोहराय् न्यागू लुखा तयातःगु दु । प्रत्येक लुखाया जवंखवं खनेदइगु कथं चिचिपागु तिकिझ्याः खुपा नं छ्रसिकथं तयातःगु दु । अथे हे च्वयेया तल्लाय् नं न्यापा तःतःपागु तिकिझ्या व छ्रसिकथं खुपा चिचिपागु तिकिझ्या : छुना तःगु दु । उत्तर मोहरा दरवार (लायकु) वनेगु मुख्यगु लँपु खः । बिहारया मुख्यगु प्रवेशद्वार नं थुगु मोहरा पतिइ हे लानाच्वंगु दु । न्यागू लुखाया दथूइ च्वंगु लुखाय् जवंखवं सिहँ तया तःगु दु । तोरण सहितगु थुगु लुखा विहार वनेगु मुख्यगु प्रवेशद्वार खः थुगु प्रवेशद्वारं तप्यंक स्वयेवलय् दथुइ च्वंगु चैत्यया लिउने क्वाःपाःद्योया मू लुखा खनेदु । थननं प्रत्येक लुखाया नापं चिचिपागु तिकिझ्याः खुपा छ्रसिकथं तयातःगु दु । अथेहे च्वयेया तल्लाय्नं न्यापा तःतःपागु तिकिझ्याः व चिचिपागु खुपा तिकिझ्याः छ्रसिकथं छुनातःगु दु ।

थुगु हिसाब कथं चतुब्रम्ह महाबिहारया पिनेयागु स्वरुपयात स्वयेवलय् थन झिँनिद्वा लुखा, झिपा तःतःपागु तिकिझ्याः, झिँनिपा चिधिपागु तिकिझ्याः दुगु जुल । अथेहे बिहारया पिनेपाखे दक्षिण मोहराया कुनेच्वंगु तुनासिं व पच्छिम मोहराया कुनेच्वंगु तुनासिं निपू वाहेक तिकिझ्याः पतिकं नां कियातःगु लोकेश्वरया पूर्ति सहितगु नीन्यपू (२२) तुनासिं फय्कातःगु दु । काष्ठकलां भयविया च्वंगु मूर्ति सहितगु प्रत्येक तुनासिंखय् आखःकियातःगु दु । पाठकवर्गपिन्त अध्ययन यायेत सहयोग जुइ धैगु उद्देश्य तया अभिलेखत नं वर्णन सहित उल्लेख यानाः तयागु जुल । दक्षिण मोहराया कुंलामय् आखः कियामतःगु मूर्ति सहितगु छपू तुनासिं दु । पूर्व मोहराया तुनासिंखय् बिभिन्न लोकेश्वरपिनिगु नां कियातःगु दु । थुजाःगु थीथी लोकेश्वरया मूर्तिदुगु चाकःछि पलि फयकातःगु तुनासिं चतुब्रम्ह महाविहारया सोभा अभिवृद्धि यानाःच्वंगु दु । उत्तर व दक्षिण भागया पलिइ दथुइ गजूकथं चैत्य तयातःगु दु ।

मूलुखाँ दुहां वने बलय् दलामया जवय् खवय् गंगा व जमुनाया काष्ठमूर्ति तिकातःगु दु । थन वनकि बिहारया प्राङ्गणय् ध्वनी । चतुष्कोणया चुक ल्वहँतं सियातःगु जुल । बिहारया दथुइ धर्मधातु चैत्यनापं धर्मधातु मण्डल, लुँ सियातःगु स्तम्भ चैत्य नं दु । थुगु स्तम्भ चैत्य नेपाल सम्बत १०८० सं हेराबज्र बज्राचार्य स्थापना याःगु खः । चतुब्रम्ह महाबिहार दुने इलय् ब्यलय्या दाता तय्गु यक्व धर्मकीर्ति दुगु जुल । बिहारया दक्षिण चुकय् ने.सं ७२६ स छ्गःतुँथी निर्माण जुयाच्वंगुदु । थुगु लः यचुसे च्वंगुलिं तात्कालिक दरवारं तकनं लःकावइगु खँ न्यने दु । पूर्व पाखेया न्यातापौद्यग वनेगु लँपूइसं छ्गः जहुं दु । ने.सं. ८२७ पाखे थुगु जहुं जीर्णोद्धार जुगु थनया अभिलेखं कनाच्वंगु दु ।

थुगु विहारया क्वाःपाःद्यो पद्मपाणि लोकेश्वरया न्हयोने निगः गँ दु । छ्गःगँ ने.सं.७७५ पाखे जयदेव बज्राचार्यया काय् जयरत्न बज्राचार्यनं छाःगु खः । मेगु गँ ने.सं. ८१७ स जयरत्न बज्राचार्यया काय् जयमुनि बज्राचार्यनं

चढय् यानात:गु ख: ।अथेहे थनया मूलुखाया काष्ठतोरण ने.सं.८४२स जयमुनी बज्राचार्यया छ्य् जयधर्ममुनीया सकल परिवारपिसं श्री पद्मपाणि लोकेश्वर यात छायात:गु ख: । अथेहे मूलुखाया सिंह निम्हनं ने.सं ८७२ स बज्राचार्य विद्यानन्द नं तयावंगु ख: । थन च्वंम्ह दिपंकर बुद्धयात ने.सं. ७८९ सं लुँसिया त:गु इलां छायात:गु जुल ।अथेहे ने.सं. १०१६स क्वा:पा द्यो पद्मपाणि लोकेश्वर यात वहया बस्त्र तया ने.सं. १०३३ स हर्षमुनी, मोहनमाया पाखें विश्वकर्माया द्योगलय् पलिंचिया गजु छा:गु जुल । वि .सं. १९८८ पाखे तुइखामुनी वज्राचार्यनं बिहारय्दुने ल्वंहसिया ब्यूगु, लुँसियात:गु खँम्वा चैत्य स्थापना या:गु खनेदु । बाहा चुकं दुहांपिहां जुइगुनितिं प्यख्यरं लुखा छुनात:गु दु । थुगु ज्या वि.सं. १९८८ सं तुइखामुनी वज्राचार्यजुं याना: बिज्यागु ख:। थुगु चतुष्कोणगु चुकया केन्द्रविन्दु धर्मधातु चैत्य जुल ।थुगु चुकयाता त:ब्यागु फलं प्यखरेसं चाउइकात:गु दु । गर्भगृहयागु थायस् बाहेक स्वथाय्नं थांक्वा स्वक्वदुगु खुलाजुयाच्वंगु दलाम कव ख्यलात:गु दु । दलाम कवया: दथुइ छगू छगू लुखा दुगु जुल । अथेहेनतुं दलामया जवं खवं नं लुखा दु ।

बाहाया उत्तराभिमुख जुयाच्वंगु लागा गर्भगृह हे जुल ।थुगु थाय् अतिकं पवित्रगु जुल ।पद्मपाणि लोकेश्वर बिज्याकात:गु थुगु गर्भगृहया मू लुखा बन्द जुयाच्वंगु इलय् क्वा:पा:द्योया दर्शनयाये फैगुकथंया लुखाछुना त:गु दु ।थुगु गर्भगृहया ल्यूनेच्वंगु दलाम भंडार क्वथाया रुपय् छ्यला वयाच्वंगु दु । पूर्वाभिमुख दलाम लागाय् थौकन्हे भजन याना:वयाच्वंगु दु ।अथेहे पच्छिमाभिमुख जुयाच्वंगु दलामय् धार्मिक व सास्कृतिक कार्यक्रम जुयाच्वनी । थुगु दलामया जवय् च्वंगु क्वथाय् दीपंकर तथागत विज्याका:त:गु दु । क्वा:पा:द्यो बिज्याका त:गु गर्भगृहया च्वय्च्वंगु तल्लाय् स्व:पा (छ्धी जुयाच्वंगु ) तिकिझ्या:छुना त:गु दु । थुगु तिकिझ्या: जवंखवं निपा निपा तिकिझ्या: समेत यायेबले थुगु तल्लाय् न्हेपा तिकिझ्या: छुनातगु:जुल ।अथेहे पूर्वाभिमूख तल्लाय् न्यापा व दक्षिणाभिमुख तल्लाय् न्हेपा तिकिझ्या:दुगु जुल । थुगु न्हेपा तिकिझ्या: मध्ये छपा: लुँया तिकिझ्या:लय् अभिलेख अंकित जुयाच्वंगु दु । थुगु तल्लाया पूर्व कुनेच्वंगु आगम क्वथाय् मोहनीबलय् च्यान्हूयंक कुमारी विज्याकेमा ।थनया आगमय् चक्रसम्बर विज्याका: तगु दु । अथेहे पच्छिमाभिमुख तलाय्नं न्यापा तिकिझ्या: छुनात:गु दु । थुगु हिसाबं चतुब्रम्ह महाविहारया दुने प्यखेरसं याना: जम्मा नीप्यपा (२४) तिकिझ्या दुगु जुल ।

अथेहे चतुब्रम्ह महाविहार दुनेया प्यंगू दिशाय् याना: जम्मा नीच्यापू (२८) तुनासिं चाक उइका त:गु जुल । नीच्यापू मध्ये प्यंगू कुने प्यपू कुंसलया तुनासिं, प्रत्येक दिशा पतिकं पलि फय्केत तयात:गु खुपूयाना जम्मा नीप्यपू (२४) तुनासिं चाक उइकात:गु ख: । क्वा:पा:द्योया दक्षिण लागाय् थनात:गु खुपु तुनासिं बज्रधातु मण्डलया देवतापिं सहितया अभिलेख अङ्कित यानात:गु दु । बिहारया पूर्व भागय् धर्म धातुमण्डलया देवतापिनिगु मूर्ति दुगु खुपू तुनासिंनं अभिलेख कियात:गु दु । अथेहे बिहारया उत्तर भागय् गुह्यसमाजया अनेक देवी देवता पिनिगु मूर्ति दुगु खुपू तुनासिं व पश्चिम भागय् पञ्चरक्षा देवता पिनिगु मूर्ति दुगु खुपू तुनासिं दु । चतुब्रम्ह महाविहारयात थनया तुनासिं शोभायमान याना:च्वंगु दु ।

**कुमारीया बारे छत्वाचा खँ**

उल्लेख जुयाच्वंगुकथं तात्कालिन नेपालमण्डलया जुजुपिं रायमल्ल, रत्नमल्ल, रणमल्लपिसं येँदेया सुप्रसिद्ध बज्राचार्य जिवचन्द्रयात ख्वपदेशय् निमन्त्रणा याना:ने.सं.६११ चतुब्रम्ह महाविहार निर्माणयाना: कुमारी स्थापना यायेगु ज्या जूगु ख: । थौतकनं थुगु विहारया कुमारी कोथाय् तलेजुया नित्यपुजा चलेजुया च्वंगुदनी ।मोहनीया गुन्हूतक क्वाथण्डौ (देवननी) या कुमारी छेँनं कुमारी हया थुगु विहारया कुमारी कोथाय् विराजमान याका पुजा फय्केगु परंपरा दु । पूजाफय्धुंका न्हिथं कुमारीयात दीपंकर विहारय्नतुं यंकिगु ख: । मोहनीया नवमी कुन्हू धा:सा कुमारीयात मूलचोकय् यंका (कुमारी चोवय्) तलेजु नापंतया कुमारीयात विशेष पूजा याइ । थुगु बेलास मूलकुमारी बाहेक गणकुमारी धका: मेमेपिं कुमारीपिंनं उपस्थिति

याकेमा:गु परंपरा दु । थुपिं गणकुमारी नवदुर्गाया प्रतिक कथं नालात:गु दु ।

कुमारीयात स्याहार कुसार याइपिं प्रसन्नशील महाविहारया शाक्यपरिवारया छगू अलग्ग संघ दु । थुगु संघंहे कुमारी नाय, कुमारी नकीं ल्यइगु ख: । ने.सं.६५३ निसें कुमारी नकीं ल्यय्गु चलन व:गु ख: धैगु खँ थनया छगू अभिलेखय् उल्लेख यानात:गु दु ।

साधारणतया शाक्य, बज्राचार्यपिनि म्ह्यायेमचा जक कुमारी यायेगु परंपरा दु । छक: जुजु रणजित मल्लया इलय् निगू परिवार बीचय् प्रतिस्पर्धा जुया कुमारी ल्यज्या: जुये मफुत । पारीवारिक मतभेद साम्य मजुसेंलिं जुजुं छम्ह ब्राम्हण कन्यायात नं कुमारी जुयेगु अनुमति बिल धैगु न्यने दु । तर न्हेम्हतक कुमारी जूपिं ब्राम्हणी कन्यात मृत्युजुसेंलि जुजुं थम्हं दयकुगु नियम लितकागु जुल धैगु जन विश्वास दु । लिपा कुमारी व्यवस्थापन पक्ष बाँलाका यंकेगु हेतु जुजु रणजित मल्लं ने.सं.८७८ स ख्वप, थिमीया शाक्य बज्राचार्यपिं बहालछेँ स:ता शाक्य, बज्राचार्य पिनि मचात सम्बन्धी नियम दयेकाबिल । थुगु नियम अनुसार ख्वपया शाक्य, बज्राचार्य पिनि म्ह्यायेपिं गुदँ (९ बर्ष) मदयेकं इहि याये मदुगु व कायपि गुदँ (९ वर्ष) मदयेक चुडाकर्म याये मदुगु व्यवस्था कायम जुल । अयेहे गुदँ (९ वर्ष) मदेयकं न्हेपं प्वा खँकेमदुगु व कुमारी ल्यज्याये पंग थने मदुगु आदि नं नियम दय्कगु जुल । नाप थुगु नियम उलंघन यातधा:सा सछी (१००) मोह जरिवाना जुइगु खँ समेत छगू तामापत्रय् उल्लेख याना:ब्यूगु जुल । थुगु व्यवस्था कथं चतुब्रम्ह महाविहारय् आतकनं थिमिया कुमारी हयेगु चलन दनी ।

## बहालछेँया बज्राचार्यपिं नापं ख्वप जुजु पिनिगु स्वापु व छगू घट्नावली

इलय् ब्यलय् जुया च्वनिगु: अनिष्ट घटना व अनेक प्रकारया बिध्नबाधा चिइका छ्वयेत् चतुब्रम्ह महाविहारया बज्राचार्यपिसंनं मा:गुकथं जुजुपिंन्त सेवायाना: वयाच्वंगु खँ तात्कालिक थ्यासफुतिइ उल्लेख यानात:गु घटनावली सिइके फू । थुगु घटनावली सफूतिइ ने.सं.७१२ निसें ८७६ तकया बीचय् जुगु घटनात टिपोट यानात:गु दु । उगु सफूतिइ टिपोट यानात:गु छगू निगू घटना उल्लेख यायेगु थुगु थासय् प्रासंगिक जुइ । न्हापां ने.सं.७१२ पाखे जुजु त्रैलोक्य मल्लया शासन इलय् पशुपति विहारया वितुवन्दे, धर्मपाल वन्दे पिनिगु छेँ दना पलिंच्युवम्ह ज्यामी कुतुंवना सीगु जुल । थुम्ह ज्यामी सिथं यंकबलय् कुता:लं कुतुंवन । उगु इलय्या विश्वास कथं सीम्ह कुतालं कुतुं वनधा:सा अनर्थ जुइ धैगु विश्वास दुगुलिं (देशय् उपद्र अमंगल जुइगुलिं) लासयात ल्हा:त मथ्यूसें कुतलेतुं प्रवेश याकेगु दरबारं कुत: यागुजुल । उगु इलय् त्रैलोक्य मल्ल ख्वपया जुजु जुयाच्वन । थुगु विषयलय् राजदरबारय् गाक्कं चर्चा परिचर्चानं जुल । तर लासयात कुत:ले ल्हा:तं मथ्यूसे तय्फुपिं लुया मवल । उकि जुजु त्रैलोक्य मल्लं थ: हे वहालछे बिज्याना: तान्त्रिक बज्राचार्य अभेसिंह याके सहयोग फ्वना बिज्यात । बज्राचार्य अभेसिंह नं शान्ति स्वस्ति तान्त्रिक विधि प्रयोगयाना: लासयात ल्हा:तं मथ्यूसे कुतलय्तुं प्रवेश याकुगु जुल । थुजागु मेमेगु गथेकी जुजु जगत प्रकाश मल्लया शासन इलय्यागु जुजु रणजित मल्लया शासन इलय्या घटनात वर्णन जुयाच्वंगु दु ।

***(ख्वपया बाहाबही सफुलिं साभार)***

(वि.सं. २०५८ सालं भक्तपुर नगरपालिकां चतुब्रम्ह महाविहाया पुन: निर्माण यागु ख: ।)

❋

> गरिबी अवस्थामा मुठ्ठीभर पीठोको पनि चाहना हुन्छ। त्यसपछि (धन सम्पन्न भएमा) उनै मानिसले पृथ्वीलाई समेत तृणसमान ठान्दछन्। त्यस कारण संसारमा धन धेरै-थोरै जे जाति के कति हुनुपर्दछ भन्ने एकै नाशको कुनै निर्धारित स्थिति (नीति) छैन्। धनीवर्गको वर्तमान अवस्थाले नै सांसारिक वस्तुलाई ठूलो र सानो बनाइदिन्छ।
>
> *साभार भर्तृहरि-नीतिका अर्ध शतकबाट*

# त्रैमासिक "अर्हत" वर्ष २, अंक १ देखि ४ सम्मको वार्षिक ग्राहक भई सहयोग गर्नुहुने महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

१) रुसा प्रजापति - भनपा च्याम्हासिंह-१
२) कृष्ण हलुवाई - भनपा सुकुध्वाका-८
३) तुल्सीभक्त श्रेष्ठ - भनपा सुकुध्वाका-८
४) रामप्रसाद अवाल - भनपा तुछिमला-९
५) राकेश शाक्य - भनपा सुकुध्वाका-८
६) देव फार्मेसी (सुमन साख) - भनपा १३
७) रामप्रसाद प्रजापति
८) ल्याय्म्ह वज्र बज्राचार्य - भनपा तुलाछें-८
९) गोपीकृष्ण प्रजापति - भनपा तुछिमला-९
१०) सुकुलढोका सपिङ्ग सेन्टर - भनपा सुकुलढोका
११) नारायण प्रसाद कर्माचार्य - भनपा सुकुलढोका
१२) पदमबहादुर मानन्धर - भनपा-४
१३) पुष्पराज शाक्य - भुल्चा, सूर्यविनायक
१४) मेथड कन्सल्ट प्रा.लि. - सूर्यविनायक
१५) विवेकमान कर्माचार्य - भनपा तुलाछें-८
१६) नवराज धौबन्जार - भनपा - सुकुलढोका-८
१७) लक्ष्मीभक्त चवाल - भनपा-११
१८) लक्ष्मीभक्त कवां - भनपा गोल्मढी-७
१९) केशव दिवाकर - भनपा तुलाछें-८
२०) रामहरि श्रेष्ठ - भनपा सुकुलढोका-८
२१) गणेश ज्यास: पस: - भनपा-८
२२) इन्द्रप्रसाद अवाल - भनपा तुछिमला-५
२३) हरिशरण अवाल - भनपा तुछिमला-५
२४) काजीबहादुर अवाल - भनपा तुछिमला-५
२५) तुल्सीभक्त अवाल - भनपा तुछिमला-५
२६) सिद्धिराम अवाल - भनपा तुछिमला-५
२७) प्रदिप शाक्य - भनपा भोलाछें-५
२८) सिताराम अवाल - भनपा तुछिमला-५
२९) लतं भक्त अवाल - भनपा तुछिमला-५
३०) शेरबहादुर छाबा - भनपा तुछिमला-९
३१) रुपेश खोतेजा - भनपा चोछें-९
३२) श्री छुमा गणेश साकोस भनपा तुछिमला-९
३३) श्याम खड्गी - भनपा भोलाछें-५
३४) पूर्णबहादुर अवाल - भनपा तुछिमला-५
३५) सिताराम कुम्पाख - भनपा भोलाछें-५
३६) टेकबहादुर अवाल - भनपा तुछिमला-५
३७) देवसुन्दर शाक्य - भनपा तुछिमला-८
३८) शुभकामना फोटोकपी - भनपा-११
३९) गणेश ज्यास पस: - भनपा साकोठा-११
४०) रामकृष्ण अवाल - भनपा तुछिमला-९
४१) विश्वमोहन जोशी - भनपा ब्यासी-१०
४२) न्हुछेकुमार अवाल - भनपा तुछिमला-९
४३) गणेश काष्ठ उद्योग - भनपा जगाती-७
४४) कृष्णबहादुर सुवाल - सूर्यविनायक
४५) दैव अवाल - भनपा तुछिमला-९
४६) शिव मानन्धर - सूर्यविनायक
४७) भक्तपुर हार्डवेयर सेन्टर - सूर्यविनायक
४८) सूर्यविनायक कोल्ड रिट्रेड - सूर्यविनायक
४९) रुपा प्रजापति
५०) कृष्ण प्रजापति - भनपा तुछिमला-९
५१) आभा प्रजापति - भनपा क्वाठन्डौं-४
५२) योगेन्द्र बहादुर प्रधानाङ्ग - नयाँ बानेश्वर
५३) कवीरकुमार बज्राचार्य - भनपा-९
५४) अस्मिता कोजू - भनपा ब्यासी-१०
५५) सुमित्रा त्यात - भनपा गोल्मढी-७
५६) सबिन शाक्य - भनपा-४
५७) बलराम दुवाल
५८) गोविन्दमान श्रेष्ठ - सोह्रखुट्टे, काठमाडौं
५९) धनप्रसाद प्रजापति - भनपा सूर्यमढी-१
६०) मनिष रंजित - भनपा गोलमढी-७

६१) रामगोपाल अवाल - भनपा तुछिमला-५
६२) कृति शाक्य - कमलविनायक
६३) रेणु बज्राचार्य - टेकु, काठमाडौं
६४) केशव शाक्य - किलागल, काठमाडौं
६५) मिनु शाक्य - क्वाठन्डौ, भक्तपुर
६६) अञ्जली शाक्य - बालाजु, काठमाडौं
६७) इरेना शाक्य - मरुटोल, काठमाडौं
६८) प्रकाश बज्राचार्य - नरदेवी, काठमाडौं
६९) सिद्धिमुनि बज्राचार्य - सितापाइला, काठमाडौं
७०) कमला श्रेष्ठ - न्यूरोड, काठमाडौं
७१) कमला कंसाकार - ठमेल, काठमाडौं
७२) ज्ञानेन्द्र दाहाला - दधिकोट, भक्तपुर
७३) धनकुमार श्रेष्ठ - भक्तपुर
७४) जगनाथ खतिवडा - कटुञ्जे, भक्तपुर
७५) हरिप्रसाद वास्तोला - खरिपाटी, भक्तपुर
७६) बद्री उप्रेती - बारा
७७) कृष्णप्रसाद कर्माचार्य - सूर्यविनायक, भक्तपुर
७८) रिणा प्रधान - सूर्यविनायक, भक्तपुर
७९) गणेशलाल फोंजु - छालिङ्ग, भक्तपुर
८०) राजन चगुथि - भक्तपुर
८१) जिवराज पोखरेल
८२) सूर्य भण्डारी - भक्तपुर
८३) मोहनकृष्ण श्रेष्ठ - भक्तपुर
८४) दिनेश सिलवाल - भक्तपुर
८५) सुमन सुवाल - भोलाछें, भक्तपुर
८६) शिवजी हाकु दुवाल - लाकोलाछें, भक्तपुर
८७) बाबुकृष्ण केसी - कटुञ्जे, भक्तपुर
८८) रविन्द्र कुसी - सूर्यमढी, भक्तपुर
८९) लक्ष्मीनारायण शिल्पकार - पाण्डुबजार, भक्तपुर
९०) पृथ्वीकुमार प्रजापति - सिपाडोल, भक्तपुर
९१) रमेश तुइतुई - सूर्यविनायक, भक्तपुर
९२) श्याम धौभडेल - सूर्यविनायक, भक्तपुर
९३) पशुपति प्रजापति - सूर्यविनायक, भक्तपुर
९४) रामहरि कार्जी - सूर्यविनायक, भक्तपुर
९५) पुष्प बनेपाली - सूर्यविनायक, भक्तपुर
९६) **Y.S.S.W.** लाइब्रेरी - सूर्यविनायक, भक्तपुर
९७) **AVN Cable Net** - भक्तपुर
९८) दोबालाल सिलाकार - सूर्यविनायक
९९) भानु हुमागाई - मोरङ
१००) बब्लुकुमार रावत - ताथली, भक्तपुर
१०१) डिल्लीराम प्रसाई - भक्तपुर
१०२) कृष्णबहादुर मानन्धर - मुलढोका, भक्तपुर
१०३) काशीलाल प्रजापति - सूर्यमढी, भक्तपुर
१०४) रविन्द्र ज्याख्व - भक्तपुर
१०५) रामशरण खानिबञ्जार - वडा नं. ३
१०६) सुन्दर शाक्य - वडा नं. ४
१०७) रामगोपाल बमनु, भार्वाच्व - १७
१०८) पृथ्वीनारायण गोठे, भार्वाच्व - १७
१०९) रवि प्रजापति - ९८४१४९५०६२
११०) रामनारायण गोरा, वडा नं - १३
१११) प्रेमलाल घोंजु, इटाछें - १५
११२) भिन्तुना बचत तथा ऋण सहकारी संस्था, व्यासी - १०
११३) रवि सुवाल, व्यासी - १०
११४) मोडेल क्लिनिक, त्रिपुरासुन्दरी - ८
११५) राज स्टेशनरी, व्यासी - १०
११६) ख्वप बचत तथा ऋण सहकारी संस्था, व्यासी - १०
११७) मैत्रीय वाचनालय, दुधपाटी - १७
११८) श्रीभक्त बाय्डमिन्टन क्लब, दुधपाटी - १७
११९) श्रमिक माध्यमिक विद्यालय, व्यासी - १०
१२०) वसन्तरत्न बज्राचार्य, नासमना - १४
१२१) नेपाल बैंक लिमिटेड, कमलविनायक - ४
१२२) गुहेश्वरी, कमलविनायक - ४
१२३) दामोदर सुवाल, व्यासी - १०
१२४) कान्छा गोसाई, व्यासी - १०
१२५) राम प्रजापति, जेंला - २
१२६) माधव सुवाल, भनपा - ४
१२७) मीनु शाक्य, क्वाठण्डौ, भनपा-४, फोन नं.६६१५७३०
१२८) रेणु बज्राचार्य, टेकु, काठमाण्डौ, फोन नं.४२४८००७
१२९) प्रगति, मखन, काठमाण्डौ,
१३०) कमला कंसाकार, क्षेत्रपाटी , काठमाण्डौ
१३१) कमला श्रेष्ठ, न्यूरोड, काठमाण्डौ,
१३२) इरेना शाक्य, मरुटोल, काठमाण्डौ, मो.९८४११५९६४५
१३३) प्रकाश मर्हजन, काठमाण्डौ
१३४) प्रकाश शाक्य, गाबहाल, ललितपुर
१३५) मीना शाक्य, नरदेवी, काठमाण्डौ,
१३६) ललिता मान्नधर, ओमबहाल, काठमाण्डौ



# झौरबही

• सप्तचन्द्र बज्राचार्य

झर:ध:तिनाया लाँ हे
झरतिलाँ वया नां जुल ।
विहार थुगु लिक्कसं च्वंगु
झौरबही हे धायेगु जुल ॥

पुलां गुलिधाये ख्वीगुदँ (ने.सं.)
पद्मबज्र नं च्वका तल ।
तायबज्र व अष्टबज्रपिं
कायपिं धैगु उल्लेख जुल ॥

शिलापत्र दु यक्को हे ज्य:गु
बांलाक ब्वने हे थाकुथें च्वं ।
सी दु अथे नं खुस:व न्हेखु
साल क्यना तल: ल्हवन थें च्वं ॥

गुलि दशक तक्कला पाता:धयाथें
जुयाच्वन अथेनं ल्हवने मफु ।
दयेकल न्हूकथं फुक्कं हे धयाथें
विक्रम निद्व व न्यय च्याक्यंगु सालं ॥

थौ थुगु थाय् विहार ख्वप:या
जूगु दु नमूना धयाथें छगू ।
यायेमा फुथें संरक्षण थुकिया
नयेगु स्वयेमज्यू सुनानं थुगु ॥

*(थ्व झौर बहि ख्वप नगरपालिकां न्हूकथं दयेकगु ख:)*

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०

बौद्ध साहित्यक पत्रिका

# 'अर्हत्'

त्रैमासिक निरन्तर प्रकाशनको निम्ति
विज्ञापन तथा रचनाहरु उपलब्ध गराई दिनुहुन
हार्दिक अनुरोध गर्दछ ।

**बौद्ध दर्शन अध्ययन समाज**
भक्तपुर